साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरूको साझा पत्रिका
वर्ष ४४ अंक १६ २०८२ कात्तिक २५ गते मंगलबार (Nov. 11, 2025) मूल्य रू. १०/-

## सरकारले स्पष्ट पार्नैपर्ने अहं सवाल



भारतबाट विद्युत खरिदमा ४३ करोड, ढोल्मा इम्प्याक्ट लगायतलाई कर छुट, प्रहरी पोसाक खरिदमा ४८ करोडसहित १५ अर्बको नोक्सानी किन गराइयो । यो भ्रष्टाचारबारे छानबिन होस् भन्ने आवाज उठेको छ ।

## पोखरा, भैरहवा एयरपोर्ट के काम ?




३०५ मिलियन डलर लागतमा बनेको पोखरा र ७६ मिलियन डलर खर्च गरेर बनेको भैरहवा अन्तर्राष्ट्रिय एयरपोर्ट बैकल्पिक एयरपोर्ट नभएर कमिशनका लागि बनाइएको रहेछ भन्ने कात्तिक २२ गते प्रष्ट भएको छ । त्रिभुवन विमानस्थलको विद्युत सट भएर आपातकालीन अवस्था पऱ्यो, नेपाल आएका अन्तर्राष्ट्रिय उडानहरू पोखरा वा भैरहवा डाइभर्ट गरिएनन्, सबै उडान दिल्लीतिर डाइभर्ट गरियो । पोखरा र भैरहवाका एयरपोर्ट काम लागेन । सामान्य वा आपातकालीन स्थितिमा अन्तर्राष्ट्रिय विमान लेण्डिङ हुन नसक्ने भएपछि ती एयरपोर्टको के काम आयो ? चीन, एपेक र एडिवीको ऋण तिर्न किन सकिएन, ती एयरपोर्टहरूमा अन्तर्राष्ट्रि उडान किन भएनन् ? सबै सम्भाव्यता अध्ययन नगरीकन कमिशन खान र पर्याप्त भ्रष्टाचार गर्न ती एयरपोर्ट निर्माण भएका रहेछन् भन्ने कुरा खुल्यो । तर अख्तियारमा परेका भ्रष्टाचारका दर्जनौं उजुरीहरू अख्तियारले किन दबाएर राख्यो ? त्यस्तो अख्तियार कि पालिरहने ?

पोखरा र भैरहवाका एयरपोर्टलाई राष्ट्रिय गौरवका योजना भन्नेहरू पटक पटक सत्तामा पुगे । अहिले पनि सत्ताकै लागि मरिहत्ते गरिरहेका छन् । कमिशन, दलालीले देशलाई डुबाएको यो दृश्य टीठलाग्दो छ । तैपनि को को जिम्मेवार छन्, तिनीहरूलाई अनुसन्धानको दायरामा ल्याउने आवाज उठने ।

भर्खरै प्रम सुशीला कार्कीले घूसखोरी, कमिशनखोरी सह्य हुनेछैन भनेर भाषण ठोकेको सुनियो । कुराले केही पार्क्दैन भन्ने साबित भएन र ?

# एमालेको बहुमत ओली पक्षमै

*एमालेभित्र केपी ओली निर्विकल्प नेता स्थापित हुने रणनीतिमा छन् । यसका लागि महाधिवेशनबाटै स्थापित हुन मात्र होइन, चुनाव बिफल बनाउने र अदालतबाट संसद पुनर्स्थापना गराउनेतिर पनि ओली कस्सिएर लागेका छन् । एमालेभित्रका केही नेताहरूले नेतृत्व पुस्तान्तरण गर्न उठाएको आवाज समन गर्दै ओली र ओली पक्षका नेताहरू कम्मरकसेर अहिलेको स्थितिमा ओलीको बिकल्प नभएको दावी गरिरहेका छन् । विद्या भण्डारीलाई एमालेको भावी अध्यक्ष बनाउनुपर्छ भन्ने आवाजलाई पनि ओलीले दबाइदिएका छन् । सदस्यता नविकरण समेत के हुने हो, विद्या भण्डारीले चालै नपाएको बताइन्छ ।*



काठमाडौं, केन्द्रीय समितिमा आफ्नो बहुमत भएकाले अध्यक्ष केपी ओलीले सिङ्गो एमालेले सुन्नेगरी भनिदिए- निर्णय होस्, म अहिले नै अध्यक्ष छाडिदिन्छु । अन्यथा एमालेको बिधि र पद्धति जे छ, त्यहीअनुसार हुन्छ, मैले भनिसकेको छु । अर्थात्, अष्टलक्ष्मी शाक्य लगायतका केही नेताहरूले अध्यक्ष पद छाड्नुपर्ने जुन आवाज उठाएका थिए, त्यसलाई केपी ओलीले खारेजमात्र गरिदिएनन्, आफ्ना पक्षमा सुदूरपश्चिमका केन्द्रीय सदस्य लेखराज भट्टबाट भन्न लगाए- ओली नै भावी अध्यक्ष र प्रधानमन्त्री ।

केही केन्द्री सदसयबाट ओलीले एमालेमात्र होइन, सिङ्गो राजनीतिक पङ्तिले सुन्ने गरी भन्न लगाएका छन्- यो विषम परिस्थितिमा ओलीको बिकल्प छैन, ओली सक्षम छन्, परिपक्व छन् ।

एमाले जनप्रदर्शनको तैयारी गरिरहेको छ, संसद पुनर्स्थापनाको माग अघि सारिरहेको छ भने कांग्रेस पनि स्पष्ट हुन सकेको छैन । ओलीको राजनीतिक दाउपेच पार्टीको अध्यक्ष आफै बन्ने र संसद पुनर्स्थापनाको निर्णय गराएर आफै प्रधानमन्त्री बन्ने छ । यसैका लागि केपी ओली जब्बर बनेर देखा परेका छन् र सुरक्षाको प्रत्याभूत नभएको र यो असंवैधानिक सरकारले गरेको चुनाव हुनैसक्दैन भनिरहेका छन् । नेपालको राजनीति झन पेचिलो बन्दै गएको छ, चुनावी वातावरण खलबलिन थालेको छ ।

एमालेको चुनापप्रति आपत्ति छ, २ हजारभन्दा धेरै प्रहरीका हतियार खोसिएका छन्, १२ सय हतियार र एक लाख भन्दा बढी गोली हराएका छन् । प्रहरीको मनोवल गिरेको छ, अपराधको खतरा छ, यो स्थितिमा कसरी निर्वाचन हुनसक्छ र ? निर्वाचन गराउन प्रमुख निर्वाचन आयुक्त पनि खाली छ । संसद बिघटन हुनै सक्दैनथ्यो, गरियो, असंवैधानिक सरकारले चुनाव गराउनै सक्दैन । यी सबै भदौ २३ र २४ गतेका अपराधी हुन्, अपराधी पनि आफै, चलाउने पनि आफै । यो तमासा नभए के हो ?

स्कुले ड्रेस र पिठ्यूमा पुस्तकको झोला बोकेका बालबालिका मारेको प्रति तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई कुनै ग्लानीवोध छैन । बरू ओलीले भनेका छन्- बिध्वंश निम्त्याउन षडयन्त्र गरियो । जेनजीहरू सुशासन र भ्रष्टाचारविरूद्ध आन्दोलन गर्ने भनेर बिध्वंश कसले छिरायो, गरायो ? सुदन गुरूङ, टिओवीप्रति पनि एमालेपंक्तिले षडयन्त्रको गन्ध सुँघेको छ । यसैवीच ओलीले स्पष्ट पारेका छन्- नीति विधिको बारेमा गोदावरी विधान महाधिवेशनबाट मार्ग प्रशस्त पारिसकेको छ, अब महाधिवेशनको तीव्र तयारी रहेको भइरहेको छ । केपी ओलीले उमेर हदलगायतका बार बन्देज हटाइसकेका छन्, ११ औं अधिवेशनबाट एकपल्ट फेरि अध्यक्ष बन्ने राजमार्ग तैयार पारिसकेका छन् । एमालेभित्र नेतृत्व परिवर्तन र युवा समूहले उचित नेतृत्वको अवसर पाउनुपर्ने आवाज तीब्र रूपमा उठे पनि ती सबै आवाजलाई अध्यक्ष ओली समूहले पेलेरै लाने नीति अख्तियार गरेको छ । अझ प्रचण्डले बनाएको नेकपाबाट असन्तुष्टहरू समेत घर फर्कन थालेकाले अध्यक्ष ओलीले आफूलाई पार्टीभित्र र बाहिर झन शक्तिशाली ठान्न थालेका छन् । ओली समूहका नेताहरू एकस्वरले भन्न थालेका छन्- एमाले कमजोर छैन । हिंसा भड्काउने र देश सक्याउनेहरूलाई छुट दिइने छैन, विकास, सुशासन र समृद्धिको लागि एमाले झन सशक्त भएर अघि बढ्नेछ । राष्ट्रियता र सार्वभौमिकतामा आँच आउन दिनेछैन ।

## नेपाल ट्रस्टमा भ्रष्टाचारको पहिरो




पूर्वसहसचिव लेखबहादुर कार्की पक्राउ परेपछि नेपाल ट्रस्टको जग्गा प्रकरणमा पहिरो जान थालेको छ । अख्तियारले राजनीतिक दबाबमा ट्रस्टको जग्गा प्रकरणका उजुरी दमपच पारेपछि सीआइवी सकृय भएको हो । सीआइवीले नेपाल ट्रस्टको सम्पत्ति के कसरी र कस कसले हिनामिना पारे भन्ने विषयमा रौंचिरा अनुसन्धान गरिरहेको छ । समय समयमा ट्रस्टका सम्पत्ति भाडामा दिंदा तत्कालीन प्रधानमन्त्री केपी ओली, अध्यक्ष शक्ति बस्नेत र प्रधानमन्त्री प्रचण्ड र अध्यक्ष विमलेन्द्र निधि रहेकाले छानबिनको दायरमा परेका छन् ।

ठगी मामिलामा थामसेर्कु ट्रेकिङ, यति समूह पनि तानिएको छ । सम्पत्ति भाडामा दिंदा बदनियत राखेको, दीर्घकालीन असर पारेको आरोप छ । अन्य भ्रष्टाचारका फाइलहरू पनि धमाधम खोलिने तैयारीमा रहेका छन् । चुनाव सफल पार्नका लागि कसैमाथि कारवाही नगर्ने र कुनै फाइल खोल्न नहुने तर्क गरिदैछ । कांग्रेस, एमाले र माओवादी चुनाव हुँदैन भन्नुको अन्तर्य यही मानिएको छ ।

## सुरेन्द्र र युवराज सफल पार्टीवाला



अधिवक्ता सुरेन्द्र भण्डारी सभापति, युवराज पौडेल सफल उपसभापति भएर नेपाल समाजवादी केन्द्र नेपाल गाभेर नेपाल नागरिक पार्टी दर्ता भएको छ ।

अधिवक्ता भण्डारीले पार्टी खोलेपछि एउटा पार्टी थपिएको छ । यो थपिएको पार्टीले रास्वपाले झैं सनसनी फैलाउने दावी युवराज सफलको छ । सफल सफल होलान् कि नहोलान्, यसको निर्णय चुनाव भयो भने फागुन २१ मा हुनेछ ।

नेपाल नागरिक पार्टीमा महामन्त्री पुजनजंग गुरूङ, कोषाध्यक्ष दिपलाल जोशी रहेका छन् । २८ सदस्यीय केन्द्रीय समिति रहेको छ । केन्द्रीय सदस्यमा नुरमहमत मियाँ, तेजबहादुर कार्की, भगवती ढकाल, रामशरण बुढाथोकी निरा भण्डारी लगायत विभिन्न क्षेत्रका व्यक्तिहरूलाई समेटिएको छ ।

# महिनौंदेखि अन्यौलग्रस्त छ नेपाली कांग्रेस




सभापति शेरबहादुर देउवाले पूर्णबहादुर खड्कालाई कार्यवाहक दिएर सिंगापुर गएपछि नेपाली कांग्रेस महिनौंदेखि केन्द्रिय समितिको बैठकमा रूमल्लिएको छ । प्रजातन्त्रको बिडा उठाएको कांग्रेसभित्र नियमित अधिवेशन पुसमा गर्ने कि बैशाखमा भनेर अलमल गरिरहेको छ । कांग्रेस बुझ्नेहरू भन्छन्- महाधिवेशन पुस, माघ, बैशाख अघिपछि जहिले गरे पनि कांग्रेसी विधानले बाधा गर्दैन तर ५४ प्रतिशतले माग गरिसकेपछि विशेष अधिवेशन माग भएपछि ९० दिनभित्र अनिवार्य रूपमा गर्नैपर्छ । विधानको दफा १७(२)ले यसै भन्छ । नियमित कि विशेष अधिवेशन ? कार्यवाहक सभापति पूर्णबहादुर खड्का यसैमा अड्किएका छन्, बैठक गरिरहेका छन् ।

नेपाली कांग्रेस पुरानो पार्टी, प्रजातन्त्रको बिडा उठाएको दावी गर्ने पार्टी । यसकारण कांग्रेसका कृयाकलाप राष्ट्रिय महत्वका हुन्छन् । महिनौं छलफल गर्दा, सदस्यहरूले आआफ्ना विचार राखिसकेपछि पनि निर्णय गर्न सकस किन ? कांग्रेसीले पार्टीका लागि धेरै काम गर्नुछ, जेनजी पुस्ताले पुऱ्याएको क्षति र लागेको दाग धुनुछ, देशका लागि कांग्रेस अपरिहार्य छ भनेर राजनीतिक रूपमा प्रमाणित पनि गर्नुछ । यति हुँदा पनि कांग्रेसी बैठक गम्भीर छ, गम्भीरतापूर्वक निर्णय गर्नसक्दैन । चलिरहेको कांग्रेसको केन्द्रिय समितिको बैठकले कांग्रेस कति सक्षम, कति सवल देखाउन सकेन ।

५४ प्रतिशत सदस्यले माग गरेको विशेष अधिवेशनका विषयमा उनीहरूले भनेका छन्- केन्द्रिय समितिबाटै सुदृढ एकताको सन्देश दिन, ५४ प्रतिशत सदस्यहरूको मागको संवोधन र विचारको सम्मान गर्न, जनतामैत्री नीति, नेता र कार्यक्रम तय गर्न र चुनावी तैयारीलाई यथोचित समय बन्दोवस्त गर्न का लागि ।

तर चुनावपछि महाधिवेशन सार्न कम्मर कसेर लागेको संस्थापन पक्षले किन चुनावपछि महाधिवेशन, किन विधान विपरित संस्थापन पक्ष लागेको, ५४ प्रतिशत सदस्यको मागलाई अनदेखा गरेर अघि बढ्न मिल्छ ? यसबारे स्पष्ट छैन ।

युवाहरू सडकमा, पार्टी पार्टीमा युवाको महत्व भनिरहेका छन् । युवापुस्ता जुर्मुराएको यो ऐतिहासिक क्षणमा बुढोपुस्ता, स्थापित पुस्ता पुस्तान्तरण गर्न चाहिरहेका छैनन् । माओवादी, एमाले र कांग्रेस जब्बर बनेर नेतृत्वमा टाँस्सिरहेको देखिन्छ, टाँस्सिरहन चाहेको पनि देखिन्छ । पार्टीभित्रका युवापुस्ता माग त गरिरहेका छन्, युवापुस्ता अपरिहार्य छ भनेर प्रमाणित गर्न र जबरजस्ती माग राख्न सकिरहेका छैनन् । न माओवादीसहितका कम्युनिष्ट, न त बिद्रोही कम्युनिष्ट, न कांग्रेस अथवा न एमाले, न त अन्य ससाना दलहरू नै किन नहुन्, कतै पनि आआफ्ना पार्टीले के कस्तो परिवर्तन खोजेको, आगामी दिनमा गर्ने के कस्तो परिवर्तन हो, युवाले खोजेको परिवर्तन कस्तो हो, जनताको असन्तुष्टि बिद्रोहमै रूपान्तरण भइसकेको र दु:खद नतिजा सबैले देखिसकेको स्थितिमा जनताले खोजेको परिवर्तन के हो ? अब कुन प्रकारको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक मार्ग निर्दिष्ट गर्नुपर्ने हो ? यसका लागि युवाले निर्वाह गर्नुपर्ने दायित्व र अग्रसरता लिनुपर्ने कुन हदसम्मको विषय हो ? यो विषयको निक्यौंल हुन जरूरी देखिन्छ । जरूरी निर्णय नलिएर कांग्रेस बिलम्ब गरिरहेको छ ।

बहुदलको ३७ र गणतन्त्रको १७ वर्षमा नेतृत्वले नैतिकता, नीयत, सिद्धान्त, इमान देखाउन नसकेरै गत भदौ २३ र २४ को आन्दोलन र बिद्रोह भएको हो । यो आन्दोलन र बिद्रोहमा घूसपैठ भयो होला, अनुसन्धानले बताउला तर यथार्थ के हो भने राज्यसत्ताले आमनागरिक र बालबालिकाको टाउकोमा गोली हानेकै हो, निर्मम दमन गरेकै हो र दमनपछि आमनागरिकले यो पद्धतिको, यी नेताको, यिनको शासनको बिरोध गरेकै हुन् । वर्तमान स्थितिमा नेताप्रति जनताको विश्वास छैन । यही विश्वासको कमीका कारण हरेक क्षेत्र, समुदायमा युवा युवाको माग बढिरहेको छ । घण्टाघरले घण्टी बजाएको छ, समयको आहट सुन्ने नसुन्ने नेताहरूको काम हो । अझै पनि भ्रष्टाचारमा आहाल बस्ने कि समयको आवाज सुनेर युवापुस्तालाई नेतृत्व सुम्पने ? यो विषय खासगरी प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसभित्र बढी तरङ्गित छ । यही तरङ्गले एमाले, माओवादी र अन्य पार्टीहरूमा पनि छोएको देखिन्छ । विश्लेषक मुमाराम खनालको यो विश्लेषण सटिक मानिएको छ । खनाल लेख्छन्- कांग्रेसको भ्रष्ट बृद्ध गिरोह, ओलीको भ्रष्ट गुण्डु गुण्डादल र दाहालको भ्रष्ट वाम बृद्धाश्रमले फेरि पनि सत्ताको स्वाद फिर्ता लिने दुस्वप्त देखेको छ भने त्यो हिजोको जेनजी आन्दोलनभन्दा पनि खराब स्थितिको सामना गर्न समाजलाई दिएको खुला निमन्त्रणा ठहरिने छ । मुलुक धेरै तल गइसक्यो । यो विश्लेषण हरेक नेताका लागि मन्त्र हो, पढ्दा राम्रो ।

नेपाली कांग्रेसजस्तो पार्टीका सभापति शेरबहादुर देउवाले आफूलाई वीपीको अनुयायी भन्ने गरेका छन् । तर उनको सत्ता र सभापतिको कार्यकालमा कहिले पनि कहींपनि वीपीको नीतिको असर देखिदैन । एउटा अनुयायीले वीपीको नीति, सिद्धान्तलाई पार्टीको जीवनचक्र बनाएको भए हरेक कांग्रेसी समाजमा आदरका पात्र बन्नेथिए । वर्तमान कालखण्डमा आएर कांग्रेस पुन:२०१५-१६ सालको लुटाह, भ्रष्ट, अनैतिकहरूको झुण्डका रूपमा बदनाम हुनपुगेका छन् । यो चरित्र सुधार्नका लागि पनि कांग्रेसको महाधिवेशन जरूरी छ र महाधिवेशनपछि कांग्रेसले सही बाटो समातेर अघि बढ्नुपर्छ । कहिले माओवादीका प्रचण्ड, कहिले एमालेका ओलीको पछि लागेर सत्ताको साँचो कुर्दा कुर्दा कांग्रेस हायलकायल भइसक्यो । यहाँसम्म कि सभापति देउवा दम्पत्तिले बेइजति हुनुपर्ने दिन पनि आयो ।

यसकारण नेपाली कांग्रेस सही कांग्रेस बन्ने अवसर नगुमाउँदा उत्तम ।

# पारूहाङलगायतका जेनजीलाई सम्झदै

बास्तविक नाम छत्रमान, पारूहाङ्ग कुथुमी राईलगायतका जेनजी पुस्ताको ४५औं पुण्यतिथिका दिन सहिदहरूको मार्गदर्शन, इच्छा, आकांक्षा परिपूर्ति गर्ने प्रतिवद्धता जनाउँदै देशभक्तहरूले श्रद्धाञ्जली सभा सम्पन्न गरेका छन्। वर्तमान कालखण्डमा देशको संकट र त्यसको निकास २०४७ सालको संविधान नै हो भन्दै कारण, दृष्टिकोण र निर्णय अघि बढाउने सन्देश प्रवाह गरिएको छ।

अभियानका संरक्षक किशोरी महतोले राजसंस्था स्थापना नभएसम्म पारूहाङ्ग कुथुमी लगायत ७६ सहिद जेनजीहरूको सपना साकार हुदैन भन्नुभयो भने भाद्र २४ गते देखि नै भाइ तिहारमा जेन-जी पुस्ताले नेपालको अस्तित्व जोगाउन थालेको आन्दोलनको अपनत्व लिन Red chapter (रातो अध्याय) को थालनी गर्न ४७ दिन देखि माइतीघरमा धर्नारत सरिश्मा थापाले शुरूवात गर्नुभएको र उहाँको





तर्फवाट नेल्सन घटानीले सबै देशभक्तहरूले हामी जस्ता नव युवाहरूलाई उचित मार्गदर्शन सल्लाह र सुझाव दिन आवश्यक छ भन्नुभएको थियो।

वरिष्ठ पत्रकार राजन प्र. न्यौपाने, प्रथम संयोजक मीन राज गुरूङ्ग, नेपाल रक्षा मञ्चका अध्यक्ष हरिचरण शाह, माया पाण्डे, नेवाः महाअभियानका अध्यक्ष विजय खड्गी, शान्त बहादुर शाक्य, गायिका सरस्वती मानन्धर, निर्मल रंजितले शान्तिको कामना गर्दै धर्मको रक्षाबिना शान्ति नआउने बताउनु भयो।

सभापति कपिलमान खड्गीले भावुक हुँदै पारूहाङ्ग लगायतका जेनजी पुस्ताले ज्यान दिएर आएको परिवर्तन हाइज्याक भएको बताउनु भयो। जेन-जी पुस्ताको राष्ट्रवादी आन्दोलनलाई पनि ठूलो क्षती पुऱ्याइएको छ भन्दै माइतीघरको सत्याग्रहलाई माया पाण्डेले निरन्तरता दिईरहनु भएको छ भन्नुभयो। कार्यक्रम सञ्चालन कृष्णचन्द्र कार्कीले र व्यवस्थापन शंकर मघैयाले गर्नुभएको थियो।

परिपक्व राजनीतिज्ञ विपिन कोइरालाको प्रमुख आतिथ्यमा र विशिष्ट अतिथि राष्ट्रवादीहरूको साझा संगठन (२०७७) Nepal Association of Nationalist's, भक्तपुर, काठमाण्डौ उपत्यका, नेपालका अध्यक्ष प्रा.डा.उत्तमकृष्ण कर्माचार्य, वरिष्ठ पत्रकार प्रेम कैदी, राजनीतिज्ञ देवराज अधिकारी, प्रजातान्त्रिक राष्ट्रवादका पक्षधर मञ्जुर वर्ल्डका सहयात्री प्रा.डा.यादव प्रसाद ढुंगाना, राजनीतिक विश्लेषक दीर्घराज प्रसाई, प्राज्ञिक व्यक्तित्व पेशल कुमार निरौला, जेन-जी शहीद परिवार संघर्ष मुल समितिका संयोजक भोज विक्रम थापा, पारूहाङ्ग कुथुमी राईका श्रीमती मन्दिरा श्रेष्ठ (राई) लगायतलाई कार्यक्रममा निम्तो दिइएको थियो।

त्यसै गरी, तेस्रो चरणको प्रार्थनाको क्रममा प्राचिन कालमा स्वयं उत्पत्ती भएका कपन खड्का गाउँमा रहेको प्रसिद्ध सिद्ध पीठ सेती देवी महाँकालमा पनि सम्पन्न भएको छ। उदय नारायण बास्कोटाले हरिबोधनी एकादशीको महिमा वर्णन गर्दै यो दिनको महत्व बारे प्रवचन गर्नु भएको थियो भने माता लक्ष्मी खड्काको सभापतित्वमा भएको सो कार्यक्रमा सबै खानु तर हरेश नखानु भन्ने सन्देश दिंदै नेपाल एकीकरण अभियानमा पृथ्वीनारायण शाहले ध्यान, प्रार्थना गर्नु भएको स्थल रहेको इतिहासको पाटो पनि सार्वजनिक गर्नु भयो। अभियन्ता माया पाण्डेले कांग्रेस, एमाले, माओवादी भित्र रहेको देशभक्तहरू पनि देश जोगाउने, देश निर्माण गर्ने कार्यमा लाग्न आग्रह गर्नुभयो। हरि चरण शाहले धर्मले नै देश र जनताको रक्षा गर्ने भएकोले यो विशुद्ध कार्यमा सरिक हुन आग्रह गर्नु भयो। उद्घोषक शंकर मघैयाले धर्मको रक्षा गरे धर्मले हामीलाई रक्षा गर्छ भन्नुभयो।

# नेपालमा देश बचाउ अभियानको आवश्यकता



डा. केशव देवकोटा


नेपालमा यतिबेला एकातिर राष्ट्रिय एकता र सहमतीय राजनीतिको आवश्यकता खट्किएको छभने अर्कातिर बिभिन्न पार्टी र शक्तिहरू बिभाजन र भाँडभैलो मच्चाउने अभियानमा लागेका छन्। जसलेगर्दा अब कुन वाद र कुन पार्टी होइन देशको अस्थित्वको सवालनै चर्को भएको छ। हालको अवस्थामा विदेशभक्तहरू छितरिएको अवस्था छ। त्यसैले देशभक्तहरू एकजुट भएर देश बचाउ अभियान चलाउनु आवश्यक देखिएको छ। जसका लागि शान्ति क्षेत्र नेपाल र गाउँफर्क अभियान मुख्य हतियार हुनसक्ने देखिन्छ। स्वावलम्बन आज नेपालको प्रमुख आवश्यकता हो। नेपालमा विदेशी चासो बढिरहेको कुरा पछिल्ला दिनमा घाम जतिकै छर्लङ्ग भएको छ। त्यसैगरी अन्तराष्ट्रिय राजनीतिक सन्तुलन नमिलेका कारणले पनि नेपालमा गतिरोधको अवस्था सिर्जना भएको देखिन्छ। कुनैपनि देशको आन्तरिक एकता कमजोर भएपछि विदेशी चासो र हस्तक्षेप बढ्ने गर्दछ। नेपालमा भएको पनि त्यहीनै हो। नेपालमा हाल आवश्यकताभन्दा बढी चासो दिनेकारूपमा चीन, भारत र अमेरिकालाई लिइन्छ। त्यति मात्र नभएर पछिल्लो समयमा युरोपीयनहरूको समेत चासो बढेको बिभिन्न घटनाक्रमहरूले स्पष्ट गरेका छन्। नेपालमा हाल सत्ता र शक्तिमा रहेकाहरू आन्तरिक एकतालाई कमजोर बनाउने प्रयासमा लागेका छनभने अर्कातिर नेपालमा विदेशी हस्तक्षेप बढाउने तर तिन्को सन्तुलन नगर्ने/गर्न नसक्नेजस्ता घटनाहरू पनि भैरहेका छन्। यहाँका शासकहरूले जसरी नेपालमा बिभिन्न पार्टी र शक्तिहरूलाई जुधाउने र बझाउने काम गरिरहेका छन्, त्यसैगरी उनीहरूले नेपालमा चासो राख्ने विदेशी शक्तिलाई पनि आफ्नो स्वार्थ अनुकूल खेलाउन खोजेको देखिएको छ। त्यसैले विदेशीहरू पनि नेपालका शासकका गतिबिधिप्रति खासै सन्तुष्ठ देखिएका छैनन्भन्ने कुरा गत भदौ २३ र २४ को घटनाले संकेत गरेको छ। जतिबेला नेपालमा क्रियाशील बिभिन्न एनजीओ र आइएनजीओहरूले बितण्डा देखाएका थिए। नेपालको आन्तरिक एकता बलियो बनाउन बारम्बार राजनीतिक सम्मेलन र बिद्यमान राजनीतिक ब्यवस्थामा जनपक्षीय सुधार हुनुपर्छभने अन्तराष्ट्रिय सन्तुलन मिलाउनका लागि 'देश पहिलो' भन्ने नीतिलाई अख्तियार गरिएको हुनुपर्छ। जस्तो नेपालका दुई छिमेकी चीन र भारतले गरिरहेका छन्। तर नेपालमा पछिल्लो समयमा राष्ट्रिय राजनीतिकासाथै सत्ता राजनीतिमा अवसरवाद हाबि भएको छ। कुनैपनि देशको राजनीतिका लागि अवसरवाद कोरोनाको महामारीभन्दा पनि खतर्नाक हो। देशको शासन सत्तामा रहेकाहरूलेनै निहित स्वार्थमा आधारित अवसरवादको प्रयोग गरेपछि, त्यो देशभरका लागि शिक्षाजस्तो हुन्छ/भएको छ। राजनीतिमा अवसरवादलाई 'महारोग' पनि भनिन्छ। केही नेताहरूले आफ्नो निहित स्वार्थका लागि नेपालको राजनीतिमा अवसरवादको महारोग सल्काए। पछिल्ला दिनमा उनीहरूसमेत सो महारोगको शिकार भैरहेका छन्। देशमा समानता र न्याय हुनुपर्नेमा पक्षपात र मनपरी बढेको छ। जसलेगर्दा नेपालमा बढ्दैगएको विदेशी चासोलाई सन्तुलन गर्ने/गराउने क्षमतामा पनि ह्रासको अवस्था सिर्जना भएको छ। पछिल्लो समयमा राजनीति र अर्थतन्त्रको केन्द्रनै एशियामा सर्नलागेको देखिएको छ। नेपालका छिमेकी चीन दोश्रोबाट पहिलो तथा भारत पाँचौबाट चौथो अर्थतन्त्र बन्नेतर्फ उन्मुख रहेका छन्।

त्यसैले आफूलाई पहिलो विश्वशक्ति मान्दैआएको अमेरिकाले उनीहरूलाई सन्तुलनगर्न खोजेको देखिएको छ। अमेरिकाको प्रयास चीन र भारतकोबीचमा रहेको नेपालमा आफ्नो उपस्थिति बढाएर र नेपाललाई आफ्नो प्रभावमा लिएर उपरोक्त दुई मुलुकलाई जुधाउने तथा फुटाउने प्रयासमा लागेको देखिन्छ। जसका लागि उपरोक्त तीनवटै शक्तिहरूले नेपाली भूमि प्रयोगगर्न खोजेको स्पष्ट छ। नेपालले उनीहरूलाई स्वतन्त्र र निष्पक्ष ढंगले सन्तुलनगर्न सकेको खण्डमा आफ्नो विकास पनि गर्नसक्छभने देशको अस्थित्व पनि जोगाउन सक्छ। होइनभने नेपालको विकास भाँडिन्छ र अस्तित्वमाथि खतराको घण्टी बज्छ। जो आज भैरहेको छ।

नेपालका हालका शासकहरू साम्राज्यवादी शक्तिबाट पालित पोषित र प्रशिक्षित भएका कारण उनीहरू पनि स्वदेश र विदेश दुबैतिर फुटाउ र शासन गरेको नीतिमा लाग्नेगरेको देखिएको छ। जस्तो नेपालमा नेपाली कांग्रेस र एमाले सबैभन्दा पुराना संसदवादी पार्टी हुन्। तर पछिल्लो परिवर्तनबाट सरकारमा आएकाहरूले उनीहरूलाईनै उपेक्षा गरेर एनजीओ र आइएनजीओलाई बढी प्रश्रय दिएको देखिएको छ। माओवादी केन्द्रले पार्टी एकताको बहानामा बिभिन्न आठवटा पार्टी र समूहहरूलाई बिभाजन गराउने प्रयासगर्दा सो पार्टीसमेत बिभाजनको संघारमा पुगेको छ। भोली १९ गते माओवादी केन्द्रलगायतका आठवटा समूहको एकताको घोषणा हुँदैछभने २० गते माओवादी केन्द्र ब्युँताउने प्रयास पनि हुँदैछ। यदि तत्काल नेकां र एमाले मिलेर संसद पुनर्स्थापना गराउन सकेको खण्डमा हालको माओवादी केन्द्रलगायतका दलहरूको पत्तासाफ हुने देखिन्छ। एमाले अझै पनि नेपाली कांग्रेससँग मिलेर सरकार बनाउन तयार रहेको छ। तर विदेशी संलग्नतामा फरक परेका कारण नेकांका कतिपय नेताहरू अब एमालेसँग मिलेर सरकार बनाउन मानिरहेका छैनन्। जसलेगर्दा हालको गतिरोधको अवस्था सिर्जना भएको छ। ०४६ सालको राजनीतिक परिवर्तनपछि झण्डै ३६ बर्षदेखि देशको शासन सत्तामा रहँदैआएका नेकां र एमालेले विदेशी संलग्नताकै कारण देशका लागि खासै केहीपनि गर्न नसकेकै हुन्। पछिल्लो समयमा माओवादी केन्द्र पनि मुख्यत नेपाली कांग्रेस र एमालेको पदचाप पछ्यायँदै हिँडेको छ। उसले हालैबाट माओवाद र माओवादी केन्द्र त्यागगर्ने निर्णयगर्नु उपरोक्त कुराको उदाहारण हो। उसको राष्ट्रिय र अन्तराष्ट्रिय राजनीतिमा कुनै नौलो नीति तथा ब्यवहार देखिन सकेको छैन। माओवादी केन्द्रका लागि हालको अवस्थामा दुईवटा कार्यभार रहेको देखिएको छ। त्यो भनेको पहिलो माओवादी शब्दकै सकेसम्म बदनामगर्ने र दोश्रो देशलाई जसरी पनि अस्तब्यस्त बनाउने। नेपाल र भारतबीच सन् १८१६ देखिकै सीमा बिवाद रहेको छ।

नेपालको भूभागभित्र पर्ने पश्चिमको हालको उत्तराखण्ड, हिमाञ्चल प्रदेश राज्यकासाथै ससाना पञ्जाबी पहाडी राज्यहरूका सतलज नदी र त्यसको पारिसम्मका भूभाग काँगडासम्म, पूर्वतर्फ सिक्किम, दार्जिलिङ, समेटने टिष्टा नदीसम्मका भूभाग जसको क्षेत्रफल ३,३४,२५० रहेको थियो। हाल नेपालको क्षेत्रफल १,४७,६४१.२८ वर्ग किलोमिटरमात्र रहेको छ। सुगौली सन्धिसँगै नेपालले उक्त भूभागहरू इष्टइन्डिया कम्पनीको स्वामित्वमा छोडिदिनुपरेको थियो। पछि सन् १९४७ मा बेलायतले सो भूभाग फिर्ता गरेपनि भारतले कब्जा जमाएको छ। सो भूभागको छिनोफानो नभएसम्म भारतसँग नेपालको सम्बन्धमा सधै दरारको अवस्था रहिरहन्छ। पछिल्लो समयमा बल्झिएका कालापानी, लिपुलेक र लिम्पियाधुराका सबै बिवादहरू त्यसैमा आधारित रहेका छन्। सन् १९५० को सन्धीपछि भारतले नेपाललाई आफ्नो संरक्षित मुलुक मान्दैआएको छ। तर नेपाल आफूलाई स्वतन्त्र र सार्बभौमसत्ता सम्पन्न मुलुक मान्दछ। नेपालका शासकहरूले भित्रभित्रै नेपालको आन्तरिक सुरक्षा, विदेश मामिला र आन्तरिक श्रोतहरूमा भारतको हात माथिपर्ने ब्यवस्था गरेका छन्। नेपाललाई भारतको मुख्य एकलौटी बजार बनाउने कार्यहरू पनि तीब्ररूपमा भैरहेका छन्। हालैमात्र भारतले अमेरिकासँग सुरक्षा संझौता गरेको छ। अर्कातिर अमेरिकाले चीनसँग ब्यापारीक समझदारी कायम गरेको छ। त्यसो त यसअघि भारतले बेलायतसँग पनि सुरक्षा सहमति गरेको देखिएको थियो।

अर्कातिर रूससँगको ब्यापारिक साझेदारी कायमै रहेको छ। नेपालभने छिमेकी चीन र भारत दुबैसँग विदेश मामिलामा अलग्गिएको छभने उसले दुबै देशसँग ब्यापारका क्षेत्रमा पनि राम्रो सहमति गर्न/गराउन सकिरहेको छैन। नेपालका शासकहरूको ध्यान सात समुन्द्र पारीको अमेरिकातिर केन्द्रितहुँदै गएकाले हालको अवस्था आएको हो। पछिल्ला शासकहरूले असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीति दुबै पालना नगरेका कारण नेपाल छिमेकीहरूको दृष्टिमामात्र नभएर ब्यवहारमै एक्लिदै गएको देखिएको छ। उपरोक्त कारणहरूले गर्दानै नेपालमा अमेरिकी हस्तक्षेप पनि अनपेक्षितरूपमा बढिरहेको हो। अमेरिकाका कारण नेपालको लोकतन्त्र, सम्प्रभुता र शान्तिमा खतरा सिर्जना हुनेगरेको छ। त्यसैगरी छिमेकी चीनले नेपालमा बढ्दै गएको मुख्यत अमेरिकी गतिबिधिलाई सुरक्षा खताराकारूपमा लिएको छ। पछिल्लो समयमा नेपालमा बढ्दो अमेरिकी उपस्थिति र एनजीओ, आइएनजीओका गतिबिधिले सशंकित हुँदैगएको देखिन्छ। नेपालले 'देश पहिलो' भन्ने नीतिका आधारमा सबैसँग कारोवार गर्ने हो भने विकासले फड्को मार्छ भने 'विदेशी हस्तक्षेपको पारो' पनि घट्छ। यो सबैतिर महशुस भएपनि सबै देशप्रेमीहरूलाई समेटेर विदेश प्रेमीहरूका बिरूद्ध गतिबिधि हुन सकेको छैन। त्यसैले नेपालमा देश बचाउ अभियानको आवश्यकता देखिएको छ।




# बुद्धको देशमा दैत्यहरूको शसन



शेखर ढुंगेल

सत्य हो कि असत्य थाहा छैन स्कुले जीवनमा गफ हुन्थ्यो सुडानका तानाशाह तत्कालिन राष्ट्रपति इदी अमिन (१९७१ -१९७९) जसले नागरिक सरकारलाई अपदस्थ गरि सत्तामा पुगेका थिए उस्न्ले मानिसको गिदी खान्थे रे। अहिले बुद्धभूमिकुनै बेलाको शान्ति क्षेत्र नेपालमा प्रमुख वा ठुला भनिने राजनैतिक दलका जिम्मेवार नेताले सार्बजनिक रूपमानै बिरोधि लाइ 'किमा र कवाफ' बनाउने दैत्यको जस्तो बक्तब्य दिएको सुन्दा हामि नेपाली सत्ता स्वार्थको लागि कुन हद सम्म तल झार्न सक्छौ कति हिंसात्मक अमानबिय र तानाशाही सोचको राजनीति गर्दैछौ ? यस्तो सुन्दा रौ नै ठाडो हुन्छ समाज देश कता जाँदै छ चिन्ता लाग्छ। बिरोधि लाइ 'किमा र कवाफ' बनाइ दिने रे के मानसिक स्वास्थ्य सामान्य भएको नेताले यस्तो सोच्न र व्यक्त गर्न सक्छ ? सार्बजनिक रूपमा यस्तो अमानवीय र दण्डनीय बक्तब्य दिन मिल्छ ? कसले गर्ने हो नियमन ?

यस्तो हिंसात्मक र भड्काउ बक्तब्य सार्बजनिक हुँदा राज्य राज्य संयन्त्र मुर्दा शान्तिमा रमाई रहेको छ। के यहि होइननेपाल असफल हुनुको प्रमाण ?भ्रष्टाचार दण्डहीनता अराजकता असुरक्षा हिँसा अस्थिरता लुट बलात्कार बिकृति विसंगतिको पहाड अनिकानुन ब्यबस्थापनमा निश्प्रभाबी वा असफल सरकार। यस्तो अराजक हिंसात्मक बोलि सुन्नु पर्दा बेद र बुद्धको उद्गमस्थल नेपालको नागरिक कसरि भन्न सकिन्छ ? जहाँ नास्तिक र हिंश्रक हरूको राज छ। लाजले आज नेपाल र नेपालीको शिर निहुरिएको छ। दशक हुन् लाग्यो बिस्वकै न्यूनस्तरको बिबेक भएका नागरिकको सुचिमा परेको हामि अझै सुध्रिने भन्दा खस्कने बोलि र ब्यबहारमा नै छौ कहिले सम्झने महामानव बुद्ध लाइ र बेद लाइ ?कठै कस्तो थियो यो देश दैत्य हरूको कुशासनको कारण कस्तो हालतमा पुग्यो।

गान्धीले भन्नु भएको थियो 'हिंसात्मक बिद्रोहले हिंसात्मक स्वतन्त्रताको जन्म दिन्छ जसले भारत मात्र होइन बिश्व लाइ पिरोल्ने छ'आज नेपाल ठिक त्यही नियति भोगी रहेको छ। कथित माओबादको नाममा नेपालमा १० बर्ष जुन हिंसात्मक र अराजक बिद्रोह भयो त्यसले नेपालमा हिंसात्मक र अराजकताको स्वतन्त्रता दियो जसले आज नेपालकै अस्तित्व समेत धरापमा पारेको छ। स्मरण रहोस १० बर्षे हिंसात्मक बिद्रोहमा जति हत्या लुट बलात्कार आगजनी तोडफोड भयो कथित माओबादीले नेपालको राजनीतिको मुलधारमा आए पछी ३ गुणा बढी मानिसको हत्या लुट बलात्कार आगजनी तोडफोड भएको प्रहरी तथ्यांक छ। ६३ पश्चात नेपालमा बिभिन्न बिबादमा २५ हज्जार नेपालीको हत्या भएको र जुन अझै अकल्पनीय रूपमा बढी रहेको छ।

यसरि राजनीति लाइ भ्रष्टीकरण र अपराधीकरण गरे पछी ग्रे लिस्टमा परेको देश कालो सुचिमा पर्ने जोखिम पनि बढेको छ। हिँसा र असुरक्षाको कारण देशमा लगानीको स्तर खस्कने क्रम बढेको छ। निरासा र पलायन बढ्दो छ। यस्तो संबेदनसिल तरल अबस्थामा देशमा ४/५ दशक सम्म राजनैतिक अनुभब गरेका पाका नेतृत्व बर्गले आफ्नो बिबेक गुमाएर हिँसालाई प्रोत्साहन गर्ने कि सहिष्णुता सद्भावना र समझदारीको बाटो खोज्ने रोज्ने ? राजनीति नै त हो देश र जनतालाई जोड्ने, अब नेतृत्व नै हिंसात्मक असहिष्णु बनि दिएपछि देशको भबिष्य कस्तो होला ?

बुद्धको देशको मर्यादा सम्मान बढाउँन प्रत्यक नेपालीले आफ्नो बिबेक लाइ सदुपयोग गर्नु पर्छ दायित्व निर्वाह गर्नु पर्छ। दोष होइन आफु असल भएको उदाहरण दिन सक्नु पर्छ। स्वतन्त्रता र अधिकारको मर्म र अर्थ अर्कोको स्वतन्त्रता र अधिकारको रक्षा गर्ने दायित्व पनि हो यो चेत के नेता के जनता सबैमा हुनु पर्छ।देश कुनै बाद दल पद्धती वा नेता बिशेषको होइन सबैको सह अस्तित्व र सम्मान हुनुपर्छ तब मात्र देशको एकता बलियो हुन्छ राष्ट्रको सम्मान बढ्छ।

दैत्य सोच त्यागौं बुद्धको शन्देश लाई आत्मसाथ गरौ।

## प्रवास, सुजनशीलता र.........मर्नुअघि – जमुना भट्टराई

'अपदस्त अस्तित्व' कवितासङ्ग्रह, उपन्यास 'मर्नु अघि' अहिले चर्चामा छन् । अक्षरङ्गले लिएको स्रष्टासंवादमा उहाँका अभिव्यक्तिका केही अंश यस्ता छन्-

जीवनले अप्रत्याशित मोडमा लग्यो, जब मलाई क्यान्सर रोग लाग्यो तब कलम मेरो साथि बनेको हो । रोगको पीडालाई शब्दहरूले भुलाइदिए र ती शब्दहरूले नै मलाई बाँच्न सिकाए । 'अपदस्त अस्तित्व' मेरा आँसु र आशा बिचको पहिलो आवाज हो, जसबाट मेरो साहित्यिक यात्रा सुरू भयो ।

अमेरिका धेरै वर्षदेखि बसेकी होइन, रोगसँगै संघर्ष गर्दै गर्दाको समयमा म यहाँ पुगेकी हुँ । जब शरीर कमजोर भयो, शब्दहरू बलिया बने । काम गर्न नसक्दा समयसँग गफ गर्न सुरू गरेँ, अनि कलम मेरो निकटको साथी भयो । 'मर्नु अघि' त्यही समयको साक्षी हो जहाँ पात्र दीपाको पीडा, आत्मसंघर्ष र अस्तित्वको खोज एकैसाथ बाँचिरहेका थिए । प्रवासले मानिसको मनलाई धेरै कोणबाट हेर्न सिकाउँछ । यहाँको जीवनमा मैले यहि देखे । मान्छे जहाँ गए पनि उसको मनको गाँठो भने मातृभूमिसँगै गाँसिएको हुन्छ । 'मर्नु अघि' भित्रका सम्बन्ध, दूरी र अभावले प्रवासी मनको गहिरो चिरफार गर्छन् । ती पात्रहरूमा मैले आफ्नो र धेरै प्रवासीहरूको मनलाई मिसाएकी छु ।

रोग, एक्लोपन र अनिश्चितताबीच लेखिएको उपन्यास हो यो । कहिलेकाहीँ शब्दहरू आँसुमा डुब्थे, कहिले टाइप गर्दा गर्दै हात काँप्थे । तर लेख्दै जाँदा मलाई लाग्थ्यो म मर्नुभन्दा अघि म कृतीका साथमा बाँच्न चाहान्छु । प्रवासको शान्त रात र परदेशी एकान्तले उपन्यासको यात्रा




अझ गहिरो बनायो ।

- क्यान्सरको उपचारकै बीचमा म बारम्बार सोच्थे "मर्नु अघि म के गर्न सक्छु?" यही प्रश्नले उपन्यासको बीउ रोप्यो । म मरेपछि होइन, मर्नुभन्दा पहिले जीवनलाई अर्थ दिन चाहन्थें । त्यसैले यो शीर्षक मेरो आत्मसंवाद हो, मर्नु अघि बाँच्नेहरूका लागि ।

कविता मेरो भावना हो, उपन्यास मेरो आँखाको दृष्टि हो । कवितामा आँसुका थोपा छन्, उपन्यासमा पात्र दीपाको आँधीबेरी छ । कविताले भावनाको भित्तामा टाँसिएको अनुभूति दिन्छ भने उपन्यासले त्यस अनुभूतिलाई कथामा परिणत गर्छ । यी दुई कृतिले मलाई पूर्ण बनाएका छन् । साँच्चै चुनौतीपूर्ण छ । यहाँको परिवेश फरक छ, बोलीचाली र सोच पनि । तर हृदयभाषा त उही हो नेपाली । जब म लेख्छु, मलाई लाग्छ म मेरो माटोसँग बोल्दैछु । भाषा र संस्कृति परदेशमा जोगाउनु नै मेरो सानो आन्दोलन हो ।

'मर्नु अघि' का पात्रहरू काल्पनिक हुन् त्यहाँ मेरो जीवन भोगाइ केही पनि छैन । तर त्यहाँ अरू धेरै नारिहरूले भोगेका पीडाहरू छन् । मेरा ती पात्रहरू शुद्ध कल्पना हुन,तिनीहरूले बाचिरहेका आत्माहरू हुन्, जसलाई मेरो शब्दद्वारा जीवन दिन खोजेरहेकी हुँ ।

सुरूमा लाग्थ्यो, परदेशबाट लेख्दा कसले पढ्ला र बुझ्ला । तर जब पाठकहरूले आँसु र मनले पढे तब थाहा भयो, दूरीले हृदय छुट्याउन सक्दैन । अहिले नेपालदेखि अमेरिका, अष्ट्रेलिया, कतारसम्मका नेपाली पाठकहरूले पठाएका सन्देशहरूले मलाई निरन्तर लेख्न ऊर्जा दिइरहेको महसुस गरेकी छु ।

धेरै महिलालाई दीपाको रूपमा समाज, विवाह, रोग र मौनताको धेरै रूप देखेकी छु। ती सबैले मलाई लेख्न बाध्य बनायो । 'मर्नु अघि' भित्रको महिला चेतना मेरो कल्पनाको प्रतिविम्ब हो जहाँ पात्र दीपा जस्ता आवाजविहीन महिलाहरूको आवाज बनेको छ । प्रवासले दृष्टि फराकिलो बनाउँछ । हामीले दुःख मात्र होइन, विविधता र विश्वदृष्टिकोण पनि देखेका छौँ । प्रवासी लेखकहरूले नेपाली साहित्यमा "स्थानीय माटोको गन्धसहितको विश्व-भावना" ल्याइरहेका छन् । यही मिश्रणले नयाँ धार सिर्जना गर्छ जस्तो लाग्छ ।

अहिले म मेरो क्यान्सर यात्रा र उपचारबीचको वास्तविक अनुभवलाई कथा आधारित पुस्तकका रूपमा लेख्दै छु । यसपटक म उपचार र मानवीय आशाको कथा लेख्न चाहन्छु । जहाँ मृत्यु पनि बाँच्ने शक्ति बन्छ । पाठकले फेरि एउटा आत्मस्पर्शी विषय पाउनेछन् ।

प्रवासमा लेख्नु भनेको मनको देश नछोड्नु हो । जहाँ हुनुहुन्छ, त्यहींबाट आफ्नो कथा लेख्नुहोस् । शब्दलाई बाँच्ने माध्यम बनाउनुहोस्, पुरस्कारका लागि होइन, आत्मशान्तिका लागि लेख्नुहोस् । सत्य र संवेदनशीलता पुरानो हुँदैन ।

सजिलो छैन । समाज अझै महिलाको पीडालाई कथा होइन, कमजोरीका रूपमा हेर्छ । तर म बिस्तारै बुझ्दै छु महिलाले लेख्दा त्यो व्यक्तिगत हुँदैन, त्यो पीडाको सामूहिक स्वर बन्छ । म गर्व गर्छु, कि म लेख्दैछु, आफ्ना लागि, धेरै बोल्न नसक्ने आवाजहरूको लागि ।

*'मर्नु अघि' उपन्यास नेपाली साहित्यको सम्पत्ति भएको छ ।*

## चट्टान

एउटा सनकले सकिनसक्छ सँसार
एउटै दिमागले ब्युँझनसक्छ सँसार
कुनैबेला
सँसार ब्युँझाएथ्यो
स्टेफेन हकिन्स , आइन्स्टाइन, मार्कस्
र जेम्स वाटको दिमागले

अहिले तिनै दिमागहरू
राखिएकोछ पुरानो सँग्रहालयभित्र
मान्छे भेट्ने बहानामा
आकाश आउँछ कहिलेकहीँ
घरको मझेरीसम्म
मझेरी भने
जल्दै जल्दै अँगेनोबाट सकिँदैछ

म अहिले चट्टान फुटाउँदैछु
र रोप्दैछु चट्टानमाथि बिउहरू
जिन्दगीभरि चट्टान फुटाएर
नाम मैले लेख्नु छ
आँखाका लहरहरूले
चट्टान फुटाउँन थालेपछि
न बच्छ सनक
न बच्छ अहंकार ।



**डा. दामोदर पुडासैनी किशोर**

२०८२ कार्तिक ५ गते बुधवार
(२०२५ अक्टूबर २२)
ब्लुवाटर, फ्रिस्को, टेक्सस,
अमेरिका ।

## मुक्तकमञ्च : तप्प तप्प जलविन्दु चुहाएर के पायौ ?



प्रकृति स्वयं मासिएको हेर्न कति लाचार छ ऊ
हतासिदै बतास प्रदूषण खेप्न कति लाचार छ ऊ
लाचार छ सधैंसधैं बेमौसमी मेघ गर्जन र बर्सन
कृष्णभीर जसरी ओइरिन कति लाचार छ ऊ ।

**- गंगा दहाल**



सेना र प्रहरीको मात्रै गस्ती कहाँ हुन्छ र हजुर
सभ्य अनि भव्य मात्रै बस्ती कहाँ हुन्छ र हजुर
ती अलवा पनि धेरै कुराहरू हुन्छन् जीवनमा
निस्वार्थ प्रेममा मात्रै मस्ती कहाँ हुन्छ र हजुर ।

**- तिलस्मी प्रभाष**



तप्प तप्प जलबिन्दु चुहाएर के पायौ
हसाउनु पर्ने ठाउँमा रूवाएर के पायौ
जानु नै थियो भन्ने खुशि भइ जादा हुन्थ्यो
बैगुनी दुधभातमा बिष खुवाएर के पायौ ?

**- अर्जुन अधिकारी**



अमृतको आश देखाइ किन विष पिलाउछन् यहाँ
सिंगो खुट्टा काटी किन बैसाखी दिलाउँछन् यहाँ
उठिरहेछ सवाल किनकि खोज्दैछु जवाफ अचेल
धुजाधुजा फाटेको मन कसरी सिलाउँछन यहाँ ।

**- सुचिता काफ्ले**



जान्छौं की छोडेर पीर हुन्छ कि हुदैन
मलाई जस्तै तिम्रो मन पनि रून्छकी रूदैन
दुख्छ मुटु जानीजानी नबोल रूखो बोली
घाइते मुटु ती अरूका बचनले छुन्छ कि छुदैन

**- सरस्वती तिवारी**



मायाँ त मायाँ नै हो, नपत्याए छाती हेर
मायाँले झुल्कन्छ जुन नपत्याए राती हेर
मान्छे भनेकै मायाँको हिमाल हो, नदी हो
मायाँहरू पोखिने छन्, नपत्याए माती हेर ।

**- सुशीला पौडेल पहारी**



मैले माफी मागें र त तिम्रो जित देखियो
मेरो हार र हन्डरमा तिम्रो हित देखियो
देख्दा जस्तो कहाँ हुँदो रहेछ र मन यहाँ
ठाउँ हेर्दै बल्छी हान्ने छेपारे रित देखियो ।

**- बिमला कार्की**



बनमारा झारलाई दुःख गरेर सार्नु पर्दैन
जंगली काँडालाई नि तिखार्नु पर्दैन
वचनका तिखा तिखा वाण रोपेर मुटुमा
मरिसकेको मान्छेलाई फेरि मार्नु पर्दैन ।

**- सुशी ढकाल अधिकारी**



अन्यायको घण्टी बजाउने नेता चाहिएको छ
भ्रष्टको छानोमा आगो लगाउने नेता चाहिएको छ
मासुभातमा एकदिन खाएर भोट बेच्नु हुँदैन है
निस्वार्थ भावले देश बचाउने नेता चाहिएको छ

**- उषा केसी**



लक्ष्य एउटै हो हाम्रो निशाना एउटै हो
लाग्छ ईश्वरको वरदान चाहना एउटै हो
फरक लाग्दो कतै हेराइको दृष्टि सँगै..
साझा मुटुको धड्कन बहाना एउटै हो ।

**- शिवा कार्की**

## सेतो सुनखानी



*अरूणबहादुर खत्री*

कवि शम्भु अर्याल समसामयिक नेपाली कविताको क्षेत्रमा नयाँ नाम होइन । उनको सेतो सुनखानी नामक कविता सङ्ग्रह २०७५ असारमा पहिलो कृतिको रूपमा प्रकाशित भएको छ । यसभित्र आँधिखोला, अस्थिर बचपना नै उत्तम होइन र ?, आमा, कन्यादान, सागरको सर्जक मूल, प्राकृतिक शिखरको कृत्रिम चूली, निरङ्कुश लोकतन्त्र ! लगायत विभिन्न शीर्षकका ४१ वटा कविताहरू रहेका छन् । यस सङ्ग्रहभित्रको आँधिखोला शीर्षकको पहिलो कवितामा कुनै आमाले आफ्नो सन्तानलाई गाली गर्न सक्दिन मेरो यो गाली होइन स्मरण हो म यत्ति भन्न सक्छु भनिएको छ । मोफसलबाट साहित्यिक योगदानका खतिर डटिरहने खटिरहने केही समसामयीक कविहरूको गणना गर्दा कवि शम्भु पनि अग्रपङ्क्तिमा रहन्छन् । अस्थिर बचपना नै उत्तम होइन र ? शीर्षकको कविताभित्र तिम्रो अविदितताले सिकाउनेछ तिमीलाई एकदिन कि त पढेर कि त परेर असल के हो ? खराब के हो ? भनिएको छ । आमा शीर्षकको कवितामा छोरा ! कहाँ छौ तिमी ? कुन मुग्लानमा कुन देशमा सात समुन्द्रपारि म जस्तै तिमी त रूँदै हौला भनिएको छ । कन्यादान शीर्षकको कविताभित्र मेरो कल्पनाको संसार वर थियो त्यो पखेरूको वर शीतलता दिने वर भनिएको छ । म तिम्रो सागरको खानीमा इन्धन प्रसोधन गर्न आएको तिमीले पठाएको दूत तिम्रो काखले कमसेकम तिम्रो स्पर्श त पाएको छ सागरको सर्जक मूल शीर्षकको कविताभित्र कविले लेखेका छन् ।

जन्मदै कलम र काव्यको सागरमा
हुर्केको त्यो देवकोटा
आज,
थाहा छ तिमीलाई
दुबइको मरूभूमिमा
फलामसँग लडिरहेछ ।

तिमीजस्ता हजारौंसँग फागु खेलेको छु म तिमी आफू-आफूमा म झ्यालबाट प्रहार गर्छु म चियाउँछु आँखिझ्यालबाट नेता शीर्षकको कवितामा कविले लेखेका छन् । सेतो




सुनखानीको प्रकृति चित्रसँगै कविले विभिन्न दृष्यलाई कलात्मक रूपमा कवितामा प्रस्तुत गरेका छन् । कवि शम्भुले कविताभित्रको प्रेम कहिलेदेखि उत्पन्न भयो भनेर ठ्याक्क बताउन नसके पनि यति चै भन्ने गर्छन् साक्षर बन्नुभन्दा पहिले नै म कविताको मोहमा परिसकेको थिए । उनका अधिकांश कविता सकारात्मक चिन्तनका छन् सुखद बिम्बका छन् राष्ट्रले नयाँ मार्ग लेला, नानीहरू निर्भिक भएर उभिएलान् र उज्यालो बढ्दै जाओस् भन्ने कामनाका छन् ।

आमा,
आउन त मन थियो
कसलाई हुन्छ र रहर
काटिबस्न मरूभूमिको कहर
प्रकृतिकी अनन्त प्रतिभा तिमी
तिम्रो रोग र भोक सम्झिदा

युगीन चेतना, नेपाली समाज, संस्कृति, प्रकृति अनि नेपाली राष्ट्रियताप्रतिको गहिरो आस्था र प्रेम साथै जीवनवादी जीवनदृष्टि यस सङ्ग्रहका कविताका आधारभूत प्रवृत्ति हुन् । सेतो सुनखानीका काव्य बिम्ब सोही प्रकारबाट सूर्यमुखी भएर देखा परेका छन् । संसारका कुनैपनि कविका लागि सबैभन्दा गाह्रो काम नै सरल कविता लेख्नु हो । किनभने सरल भन्ने शब्दको काव्यिक अर्थसित एकातिर कविता कसका लागि ? भन्ने सैद्धान्तिक प्रश्न जोडिन्छ । जसले कविको वैचारिक एवं दार्शनिक पक्षलाई सङ्केत गर्छ भने अर्कातिर कविको काव्यिक भाषाको स्वरूपको पनि सङ्केत गर्छ । कविता मार्मिक र पढ्न योग्य नै छन् ।

मेरो देशमा इन्द्रासनको भोग छ
क्रान्तिको विकृत रोग छ
वीर विवेकको भक्षक
इन्द्रासनको लक्षक

कवि स्वतन्त्रताका पक्षपाती हुन् । उनलाई अँध्यारो हैन उज्यालो चाहिन्छ । चाहे जातिय विभेद होस् चाहे निरङ्कुश राजनीतिक बन्धन यी दुबैले जीवनलाई अभिशप्त पार्छ भन्ने विषयमा यिनी सचेत छन् । कवि शम्भुका कविताहरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । शम्भुका कवितामा सृष्टिको रहस्य र यसको निरन्तरताको चक्र, स्रष्टा र जीवन विषयका अनेकौ गम्भिर प्रश्न र अनुमानित उत्तर छन् । वास्तवमा सबै स्रष्टा चिन्तन कलाकार पुग्ने अन्तिम बिसौनी जीवन हो अस्तित्व हो यसले चित्तलाई यो ब्रह्माण्डको आश्चर्यतिर लैजान्छ, मानिसको पीडा चिन्ता आक्रोश, लोभ आदि कुरा सबै पिसेर महत्वहीन धूलो पारिदिन्छ र यी व्यर्थका भ्रान्ति लडाइँबाट मुक्ति मिल्छ ।

कवि शम्भुले लेखेका कवितामा विषयवस्तुको विविधता पाइन्छ, त्यस्तै उनका शिल्प शैलीमा पनि विविधता भेटिन्छन् । सरल भाषामा बिम्ब र प्रतीकहरूको प्रयोग गरी लेखिनु यस सङ्ग्रहमा पाइने कविताका विशेषताहरू हुन् । उनका धेरै कविता अस्थानिक छन् सार्वदेशिक छन् नेपालभित्र बसेर यी कविता रचिएका हुन् भन्ने कुरा त प्रष्ट हुन्छ । परन्तु एउटा निश्चित र सीमित भूभाग आउदैन । उनी बृहत्तर क्षेत्रसित नेपालका व्यापक वर्तमानसित जोडिएका छन् । सरल र स्वाभाविक भाग सम्प्रेषणका कविताले आफ्नै समाज, संस्कृति र जीवनसंसारको अनुभूति प्रकट गरेको छ । ती अनुभूतिमा हाम्रै जीवनभोगाइ, हाम्रै परिवेश र हाम्रै दृष्टिकोणहरू छन् । प्रत्येक कविताले प्रकृति र जीवनको मीठो संयोजन गरेको छ । कवि शम्भुको आफूसँगको अभेद्य सङ्घर्षको अर्थपूर्णताले उनको काव्यजीवनमा धेरै नै उथलपुथल मच्चाएको छ । वास्तवमा जिन्दगीका उथलपुथल नै काव्य-यात्राको समुद्र-मन्थन हो । कवि शम्भुका कविताहरू भावनात्मक मात्र छैनन्, जीवन र जगत्को वास्तविक छवि चित्राङ्कनमा जति सक्षम छन् त्यति नै प्रयोगका दृष्टिले पनि बेजोड र सशक्त छन् । कवि शम्भुको हृदय भावुक छ । आगामी दिनमा उनका थुप्रै कृतिहरू प्रकाशित भईरहुन् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

कृतिः सेतो सुनखानी — लेखकः शम्भु अर्याल
प्रकाशन वर्षः २०७५, असार — प्रकाशकः शब्दहार क्रियशन्स





सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np


## सम्पादकीय

# नेपाल अब शान्तिको देश रहेन

बुद्धको देश, शान्तिको देश भन्न मुस्किल हुनथाल्यो । १७ वर्षमा १४ सरकार बन्यो, न शान्ति स्थापित हुनसक्यो, न अराजकता कम भयो । स्थापित पद्धति र नेताहरूप्रति जनघृणा यसरी बढ्यो कि गत भदौ २३ र २४ गते भएको जेनजी पुस्ताको आन्दोलनले देशैभरि परिवर्तन मागको आँधीबेहरी चल्यो । आगजनी भयो, हिंसा बढ्यो, ७६ भन्दा बढी मानिसहरूको हत्या भयो ।

०४६ सालमा बहुदल स्थापना गरियो । यसको कार्यकाललाई कालरात्रि बनाउने यिनै नेताहरू थिए । तिनै नेताहरू मिलेर २०६३ को आन्दोलन गरे, त्यो आन्दोलनपछि लोकतन्त्र आयो । संविधानसभाको चुनाव भयो, धर्मनिरपेक्षता, संघीयता र गणतन्त्र चलाइयो । यसै अनुसार संविधान पनि बन्यो । आवधिक चुनाव भयो । दुईपल्टको आवधिक निर्वाचन र निर्वाचित सरकारको कार्यकालमा केही पनि सुधार हुनसकेन । जनताको अक खोसियो, राष्ट्रिय ढुकुटीमा लखनौं लूट मच्चाइयो । नेपोटिजम र नेपोबेबीइजम यसरी बढ्यो कि आमनागरिक र आम युवाले असन्तोष प्रकट गरे । तर भ्रष्टाचार मच्चाउने पद्धतिका पृष्ठपोषक सबै मिलेर जनअसन्तोषलाई जबरजस्ती दबाउने प्रयत्न हुँदै गयो । युवासहितका आमनागरिकमा यसरी उकुसमुकुस बढेको थियो कि अन्तत: त्यो असन्तोष आन्दोलनका रूपमा फुट्यो । आन्दोलन बिद्रोहमा परिणत भयो र बिद्रोहले स्थापित पद्धति, पद्धतिको नेतृत्व सबै खरानी बनाइयो । वर्तमान स्थितिमा देशको अनुहार हेर्ने हो भने धुवाँ, खरानीमात्र देखिन्छ । अराजकता र कुशासनमात्र बाँकी छ । बुद्धको देश हो भन्न सकिन्न । यसको सम्पूर्ण जिम्मेवारी स्थापित नेता र तिनको अपराधिक राजनीतिले लिनुपर्छ ।

राजनीतिमा नीति, नैतिकता, सिद्धान्त, जवाफदेहीता भन्ने केही बाँकी रहेन । सत्तापिपासु नेतृत्वको नैतिकहीन चरित्र मख्खन दलेको पाउरोटीजस्तो लाग्छ । अझै यिनीहरू आफ्नै कार्यशैली थोपर्न खोजिरहेका छन् । यिनको १७ वर्षे कार्यकालमा चिप्ला भाषण, चिल्लो आश्वासन, खाएपछि पेट फुलेर झाडाबान्ताको प्रकोप चल्ने खतरा अझै बिद्यमान छ । शान्ति र संविधान सबैको प्राथमिकता हो भने यो प्राथमिक कार्यले महत्व किन पाइरहेको छैन ? सुशासन र जवाफदेहीता यो पद्धतिको खासियत यिो भने त्यसअनुसारको चरित्र, व्यवहार किन देखाउन सकेनन् त ? जवाफ नेतृत्वसँग छैन ।

संविधान सिरान हालेर मस्त निदाउन सक्ने दस्तावेज बन्न सकोस् भन्ने कामना लोकमञ्चबाट भइरहेको थियो । यी नेताहरूले संविधान कार्यान्वयन भयो भन्दै थिए, संविधान संशोधनको एजेण्डा मिलाएर सरकार चलाए । तर लोकतन्त्र लूटतन्त्र बनिरह्यो । भ्रष्टाचार घटेन बढ्यो । संविधान सबैको साझा चौतारी बन्न सकेन । संविधन असफल भएकैले अहिले अन्तरिम सरकार बनेको छ । यो सरकारले पनि संविधान संशोधन गर्ने छाँट देखाएको छैन । चुनाव चुनाव भनिरहेको छ । चुनाव हुनुपर्छ, कस्तो हुने ? कसरी हुने ? सबैको सहभागिता हुने कि नहुने ? शान्तिपूर्ण चुनाव हुन्छ कि हुन्न ? चुनावपछि पुरानै चालामाला हो कि जेनजी पुस्ताको माग संवोधन हुने खालको चुनाव हो ? केही पनि स्पष्ट छैन । भ्रष्टाचारीहरू फेरि सलबलाउन थालिसकेका छन् । राजनीतिमा सेटिङ मिलाउने र अपराध मिसाउने कार्य सुरू भइसकेको छ । शान्ति, समृद्धि, समानता फेरि पनि टाढाको विषय बन्न थालेको छ । एकपल्ट गोलमेच सम्मेलन गरेर सर्वस्वीकार्य कार्यदिशा बनाउनु उचित है ।

# चीन चाउएनलाईको जमानाको जस्तो छैन




हरेक पार्टीभित्र चीन छ । हरेक पार्टीका मान्छे चीन भ्रमण गरिरहेका छन् । चनीले नेपालका नीतिनिर्मातादेखि ओपेनियन क्रियटरसम्मका हजारौंलाई वर्षेनी चीन भ्रमण गराइरहेको छ । नेपालीलाई भ्रमण गराउँदा चीनको अरवौं खर्च भइरहेको छ । आखिर किन ?

चीन पार्टीस्तरमा, जनस्तरमा, प्रशासनस्तरमा, कूटनीतिक स्तरमा आफै प्रवेश गर्दैछ । नेपालको एक चीन नीतिप्रति चीन विश्वस्त छैन । कतिपय नेताहरू दलाई लामा, अमेरिकासँग नजिकिएकोमा पनि चीन सशंकित छ । चीनले आफ्ना सहयोगीहरूलाई पर्याप्त स्रोत जुटाएर चीनप्रतिको नकारात्मक भावनालाई सफा गरिरहेको पनि देखिन्छ ।

यसअघिको माओवादी कांग्रेस, एमाले कांग्रेस सरकारको कूटनीतिमा स्थिरता देखिएन । कहिले दक्षिणतिर र कहिले पश्चिमतिर ढल्केको देखियो । दक्षिणले त एमाले-कांग्रेस सरकारलाई चीन कार्ड खेलेको आरोपै लगाएको थियो । खासगरी केपी ओली चारपल्ट प्रधानमन्त्री बने, चारैपल्ट चीनको काखमा लुटपुटिएको र पछिल्लोपल्ट चीनकी महिला राजदूतमाथि असंसदीय भाषामा पश्चिमा मिडियाले उडाउनु उडाएका थिए । भारो-पश्चिमालाई ओली फाल्नैपर्ने बाध्यता आइपरेको थियो । देशभित्र भ्रष्टाचार, नेपोटिजम र नेपोबेबीइजमको महामारी यसरी फैलिएको थियो कि युवादेखि बृद्धसम्म सबै यी शासक र यो पद्धतिप्रति घृणा गर्न थालेका थिए ।

नभन्दै गत भदौ २३ र २४ गते जेनजी पुस्ताले यस्तो आन्दोलन गरिदिएका कि यो बिद्रोहमा रूपान्तरण हुनपुग्यो । सत्ताले मदमत्त भएको, उचित अनुचितको भेद थाहा पाउन नसकेको एमाले कांग्रेसको सरकारले स्कूले बालबालिकामाथि अन्धाधुन्ध गोली प्रहार गऱ्यो, ७६ जनाको हत्या नै गरिदियो । यो आक्रोशमा आगो भएका बिद्रोहीले २७ घण्टामा सत्ता नै पल्टाइदिए । संविधान, संसद, सरकार सबै फाँडिदिए । भ्रष्टाचार र अपराधिकरणले मदमत्त भएकाहरू आत्तिए, भागे, लुके । सेनाले तिनको ज्यान बचाइदियो । तर कांग्रेस सभापति देउवामाथि त सांघातिक हमला नै भयो । धेरै नेताको सम्पत्ति र राष्ट्रिय सम्पदाहरू खरानी हुनपुगे । राजनीति सुनामी आयो, सखाप पारेर गयो ।

त्यसको प्रभाव नेपालका दुबै छिमेकमा पनि पऱ्यो । दुबै छिमेकले सीमामा कडा सुरक्षानीति अपनाएका छन् । नेपाल अस्थिरता र अराजकताका कारण के हुने हो भन्न सकिने स्थितिमा छैन । यद्यपि आगामी फागुन २१ गते आमचुनाव घोषणा गरिएको छ । यो चुनावमा भाग लिने तैयार अरू दलहरूले गरे पनि एमाले चुनाव हुँदैन भनिरहेको छ । सडक आन्दोलनको शंख फुक्दैछ । अदालत पुगेको छ र संसद पुनर्स्थापना हुन्छ, एमालेकै नेतृत्वमा सरकार बन्छ भनिरहेको छ ।

नेपालको अदालत भन्न सकिन्न, कस्तो निर्णय गर्ने हो । खरानी भएको सर्वोच्च अदालत पालभित्र चलिरहेको छ र पालभित्रबाट आउने निर्णय नेपालको अग्रगमन र पश्चगमनको मार्ग तय गर्नेछ । चुनाव भए स्थिरताको आशा छ, चुनाव नभए जे पनि हुनसक्छ, मरेको संविधान र संसदलाई अदालतले अमृत छर्केर ब्यूँताइदियो भने नेपाल गृहयुद्धमा फस्ने जोखिम बढी छ । किनकि जेनजी पुस्ता परिवर्तनका पक्षमा छन्, नेतृत्वको पुस्तान्तरणको पक्षमा छन्, भ्रष्टाचारको अन्त र सुशासनको पक्षमा छन् । यथास्थितिमा फर्कन सकिन्न भनेर जेनजी पुस्ता खबरदार गरिरहेका छन् ।

उता भदौ २३ र २४ मा जेनजीमाथि राज्यदमन र हत्याकाण्ड, रक्तपातको विषयमा अन्तर्राष्ट्रिय समुदाय आँखा गडाएर हेरिरहेको छ । देश उज्यालो खोजिरहेको छ, नेताहरू अन्धकारकै पक्षमा उभिएका छन्, जुन दुर्भाग्य हो ।

२०७८ को आमनिर्वाचनमा ठूलो पार्टी बन्यो नेपाली कांग्रेस । दोस्रो एमाले र तेश्रो माओवादी । यति हुँदा पनि कांग्रेसले सरकारको नेतृत्वको दावी गर्न सकेन । कहिले माओवादी, कहिले एमालेको फेर समातेर सत्ताको रस चुसिरह्यो । त्यो चुनावमा प्रजातन्त्रवादी कांग्रेसले माओवादीको हँसिया हथौडामा समेत भोट हाले । नीति, नैतिकता, सिद्धान्तको सबै हद पार गरेकाले पनि कांग्रेस भ्रष्टाचारको




पक्षधर बनिरह्यो । वीपीको नीतिमा अडेको भए कांग्रेसको यस्तो कन्तबिजोग हुने थिएन । कांग्रेसभित्र न वीपी छन्, न वीपीको नीति । कांग्रेसभित्र कम्युनिष्ट गनाइरहेको छ ।

इतिहास हेरौं, २०१५ सालको निर्वाचनमा १०९ सिटमा ७४ सिट जितेर दुई तिहाइको सरकार प्रमुख बने वीपी कोइराला । त्यति नै बेला खम्पाहरूको चीनविरोधी गतिविधि बढ्न थाल्यो । व्यापक रूपमा तिबेतियनहरू नेपाल पस्न थालेका थिए । मुस्ताङ लगायतका आफ्नो सीमा क्षेत्रमा चिनियाँ सैनिक गतिविधि बढ्दै गएको थियो । झट्का लाग्ने खबर आयो- चिनियाँ सेनाले सीमामा बमप्रसाद लगायतका ३ जना नेपालीलाई मारिदियो ।

प्रधानमन्त्री वीपी कोइरालाले दिल्ली दूतावासमार्फत चीनसँग आपत्ति जनाए र माफी माँग्नुपर्छ, नेपाललाई क्षतिपूर्तिसमेत दिनुपर्छ भन्ने खबर चीनका प्रधानमन्त्रीलाई पठाए । चीनका राष्ट्रपति र सरकारका तर्फबाट कुनै प्रतिकार नगरी भूल स्वीकारमात्र गरिएन, नेपालसँग माफी माँगियो र त्यतिबेलाको ५० हजार क्षतिपूर्ति दिन चीनले मञ्जुरी जनायो । त्यति नै बेला चीनका बरिष्ठ नेता चाउ एनलाईले भनेका थिए- नेपालसँग रगतको सम्बन्ध छ ।

शासन कांग्रेस सभापति वीपी कोइरालाको, देशव्यापी लूट चलाए कांग्रेसी कार्यकर्ताहरूले । वीपीको शासनकालमा देशको कानुन व्यवस्था लथालिङ्ग हुनथाल्यो र आमनागरिकमा कांग्रेसी आतंक नै फैलियो । अनि बाध्य भएर राजा महेन्द्रले २०१७ साल पुस १ गते नाम प्रजातान्त्रिक, व्यवहार अप्रजातान्त्रिक चरित्रको सरकार अपदस्त गरेर पञ्चायत व्यवस्थाको सुरूआत गरे । यो घटनालाई आज पनि प्रजातन्त्र विरूद्ध राजाको कू भनेर चर्चा गर्ने गरिन्छ ।

नेपालसँग रगतको सम्बन्ध छ भन्ने चाउएनलाईको प्रतिक्रिया आएको केही समयपछि २०१७ सालको राजनीतिक घटना घटेको थियो ।

सत्ता राजा महेन्द्रको हातमा । भारत रिसायो, भारतले नेपालमाथि डरलाग्दो हस्तक्षेप गरेर सैनिक मार्च गर्नसक्ने अवस्था विकसित हुनथाल्यो । धेरै नपढेका तर कूटनीतिक र राजनीतिका चतुर खेलाडी राजा महेन्द्रले चीनलाई यसको संकेत पठाएपछि चीनको प्रतिक्रिया यसरी आयो कि भारतको संसद हल्लियो । तापक्रम बढायो । चीनले भनेको थियो- 'यदि कुनै विदेशीले नेपालमाथि हमला गर्छ भने त्यो चीनमाथि हमला गरेको सम्झिइने छ, चीन सँधै सार्वभौमसत्ता सम्पन्न नेपालको पक्षमा उभिने छ ।' चीनको प्रतिकृयाको प्रतिध्वनी सुनेपछि नेपालविरूद्ध भारतको सैनिक पाइला सैनिक पोष्टमा सिमित हुनपुग्यो र चीनको प्रतिक्रिया भारतीय संसदमा गम्भीर बहसको मुख्य विषय बनेको थियो ।

चीनको त्यही समर्थनको बलमा राजा महेन्द्रको निर्देशन पाएर तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि बिष्टले २००८ सालदेखि २०२७ सालसम्म नेपालको पूर्वी ओलाङचुङगोलादेखि सुदूरपश्चिमको टिङ्करसम्म तैनाथ भारतीय चेकपोष्टलाई हटाउने निर्णय गरे, हटाइदिए । सुरक्षाविद केसरबहादुरको शब्दमा 'चीनसँगको सीमामा भारतीय फौजी स्टेशन थियो, भारतीय फौजको चेकपोष्ट हटाइदिनुभो, नेपालको सीमामा नेपाली फौज बस्नुपर्छ भन्ने मान्यता स्थापित गर्ने देशभक्त हुन कीर्तिनिधि बिष्ट ।'

त्यो चीन र आजको चीनमा आकाश जमीनको भिन्नता छ । १९७५ मा भारतले सिक्किम खाइदियो । चीनले बिरोध गऱ्यो । तीनदशकपछि चीनले त्यही सिक्किमको नाथुलाबाट भारतसँग व्यापार बढायो । सिक्किमको राष्ट्रियताको पक्षमा रहेको चीन, भारतको समर्थनमा पुग्यो ।

राजा वीरेन्द्रले चीनबाट हतियार खरिद गर्दा भारत यसरी रिसायो कि दरवार हत्याकाण्डको प्रमुख कारण त्यही बन्यो । चीनका प्रो.वाङले पुस्तकै लेखेर भने- दरवार हत्याकाण्डमा भारतको हात छ । तर चीनले हत्याकाण्डको विषयमा कुनै टिप्पणी गरेन । १९८५ मा जन्मेको सार्कमा चीनलाई पर्यवेक्षक राख्न राजा ज्ञानेन्द्रले ढाकामा प्रस्ताव गरेपछि भारतले नेपालमा राजतन्त्रको अन्त्य गर्न सघायो । आतंककारीको प्रयोग गरेर गणतन्त्र, धर्मनिरपेक्षता नै घोषणा गराइदियो । चीनले नेपालमा राजा हुँदाहुँदै राष्ट्राध्यक्षको अधिकार लिएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई आफ्ना राजदूतको ओहदाको प्रमाणपत्र बुझाउन लगायो । २०१५ मा नेपालको लिपुलेकबाट भारतसँग व्यापार गर्ने सम्झौता राष्ट्रपति सी चिनफिङ्कै सामुन्ने भयो । केही महिना अघि त्यही नेपाली भूभागबाट व्यापार गर्ने थप सम्झाता चीनले भारतसँग गरेको छ । आज लिपुलेक, लिम्पियाधुरा, कालापानी क्षेत्रमा भारतको दबदबा छ, चीनसँग व्यापार र पर्यटन बढाउन राजमार्ग खुलेको छ ।

चाउएनलाईले भनेको नेपालसँग रगतको सम्बन्ध भन्ने कुरा आजको चीनले बिर्सेको छ । नेपालका लागि पुरानो चीन र आजको चीनमा ठूलो भिन्नता छ ।

हिजोको चीन नेपालको असल छिमेकीजस्तो थियो, आजको चीन व्यापारीजस्तो लाग्छ । संशय लाग्छ ।

हो, चीनले नेपाललाई, राजतन्त्रलाई, नेपालीलाई धोका दिएकै हो । चीन असल छिमेकी भएको भए राजतन्त्र जाने थिएन, नेपालका भूभाग साबुत रहनेथिए, नेपाल भ्रष्टाचारको पोखरी बन्ने नै थिएन । नेपालमा नाममात्रको लोकतन्त्र छ, लोकतन्त्रमा कतै पनि लोक र राष्ट्र छैन । चीनका कारण नेपालले मूल्य चुकाएको छ ।


दोष चीनको छ । बढी दोष र भूल हाम्रा नेताहरूको छ । राजा फालेर महाराजा त बने तर देशलाई अराजकताको आगोमा झुल्सिन बाध्य पारिदिए । चीनका राजदूतहरू चेंग सियालिङदेखि अहिलेका राजदूत चेन सोङसम्म सबै पिपुल्स भर्डिक भनेर नेपाली राजनीतिलाई हेरिरहेका छन् । नेपालको पिपुल्स भर्डिक भन्ने कुरा मासुभात, खर्चपानीमा आउँछ भन्ने चीनले बुझेको छ । यसरी चुनाव जित्नेहरू पिपुल्स भर्डिकमा होइन, स्वार्थमा चल्छन् भन्ने पनि चीनले बुझेको छ । तर नेपाल अस्तित्वको संकटमा पुगिसक्यो । चीनले गत भदौ २३ र २४ को जेनजी पुस्ताको रक्तपात पनि देखेको छ । प्रश्न छ, यो पिपुल्स भर्डिक हो कि होइन ? हो, बेइजिंगको ग्रेट हलबाट राजा महेन्द्र र माओत्सेतुंगको ठूलो फोटो आज पनि नेपाल चीन सम्बन्धको साक्षी बकिरहेको छ । स्मरणीय के पनि छ भने मुनाफा र अनुकूलता खोज्दै हिंडेको चीनले सिक्किम बिलयलाई ३२ वर्षपछि स्वीकारेर भारतसँग नाथुला नाका खोल्यो र पाकिस्तानको ग्वादरबाट सम्पूर्ण एसियाली राष्ट्रसँग सम्पर्क गर्न 'विश्वकै ठूलो मेगा प्रोजेक्ट' सडकमार्ग र कनेक्टिभिटीका लागि बीआरआई नीतिमा अग्रसर छ । नेपाल पनि साथमा छ ।

वर्तमान चिनियाँ राष्ट्रपति सी चिनफिङले नेपाल चीन सम्बन्धको ७०औं उत्सव नेपालमा मनाएका थिए र त्यतिबेला भनेका थिए- नेपाल अव भूजडित राष्ट्र बनाउन र नेपालको समृद्ध गराउन हामी सघाउँछौं । सामर्थ्य नभएरै होला, नेताहरू निर्णयमा उभिन नसकेरै होला, बीआरआई नेपालका लागि ल्हासाको सुन भएको छ ।

चिनफिङसम्मको अभिव्यक्ति सुन्दा र चीनको व्यवहार हेर्दा लाग्छ नेपालमा आफ्नो सुरक्षा सरोकारमात्र छ भनेर चीनले सूचित गरेको हो ।

नेपालका अनेक कठिनाई छन् । ती कठिनतालाई चिर्न चीनले नेपालको हिम्मत र प्रतिरक्षा ताकत बृद्धि अपुग छ । अपरमुस्ताङ्देखि पोखरा र राजधानीमा बढेको चीनविरोधी कृयाकलापबाट चीन त्रस्त छ, त्यो भय समाप्त पार्न नेपाली राजनीतिक इच्छाशक्ति चाहिन्छ, त्यही इच्छाशक्ति चीनको नेपालप्रतिको समर्थन र मैत्रीभावमा बढ्नसक्छ ।

# सुव्यवस्था, सुशासन र बिकास: केही चिन्तन, केही सुझाव




हामी सबैलाई थाहा छ कुनै ठाउँमा जाडो याममा जाडो आएपछि, गर्मी याममा गर्मी आएपछि त्यस ठाउमा बस्ने सबैलाई जाडोमा जाडो, गर्मीमा गर्मीनै हुन्छ। त्यहा बसेका मध्य जाडोमा कसैलाई गर्मी वा गर्मीमा कसैलाई जाडो हुन पर्दैन । हुन सक्तैन। यो प्राकृतिक नियम हो। घाम पानी झरी हुरीको असर पनि सबैलाई पर्छ। त्यस्तै नै मुलुकको शासन प्रशासन प्रगति दुर्गति विकास निर्माण भ्रष्टाचार, नाताबाद, कृपावादको असर पनि सबैलाई परेको हुन्छ नै। यसवाट नाजायज फायदा उठाउने वा पाउने शक्ति हातमा रहेका सीमित संख्याको कुरा वेग्लै। यस दृष्टिकोणवाट हेर्दा मुलुकको राजनैतिक अवस्था, प्रगति वा अवनति सबैले एकै देख्न पर्ने हो। सबैले एकै नदेखे पनि वहु संख्याले त देख्न पर्नेहो। हिजो वा आजको मुलुकको अवस्था हेर्दा वा राम्रो वा नराम्रो जुनसुकै पार्टीको पछि लाग्ने भीड देख्दा, एउटै रंग पनि मानिसहरूले फरक फरक देख्ने भान हुन्छ। हाम्रो मुलुकमा अन्तस्करणले विवेक प्रयोग गरी ठीकलाई ठीक, र वेठिकलाई बेठिक भन्ने संख्या ज्यादै कम भएको देखिन्छ। हाम्रो मुलुकको स्थिति यस्तै छ।

म जन्मिदा नेपालमा राणा शासन नै थियो। म सानो छदा यो व्यवस्था गयो। सानो भएकोले यस बारे मैले अनुभव गर्न पाइन। नेपालको संविधान २०१५ वभोजिम चुनाव हुदा म १६ वर्षको भएकोले श्रीबिश्वेश्वर प्रसाद कोइरालाको सरकार मैले देखेको हुँ। नेपाली कांग्रेस पार्टीले चुनावमा धाधली गरयो भनी संयुक्त प्रजातन्त्र पार्टीका नेता डा के. आई सिंहले सर्वोचमा मुद्दा हालेको र हारेपछि काग्रेसी न्यायाधिशहरूको कारण मुद्दा हार्न परेको प्रतिकृया दिनु भएको कुरा आज पनि मलाई राम्रो सम्झना छ। श्री कोइराला बुद्धिमान, योग्य, प्रशांसनीय सर्वप्रिय प्रभावपूर्ण व्यक्तित्वको प्रधानमन्त्री हुनु भएपनि शक्ति र पदले उन्मत पार्टी सरकारबाट असंह्य नाताबाद कृपावाद र बेथिति नभएको होइन। हाम्रो मुलुकको आज भोलिको अवस्था झण्डै झण्डै ऊवेलाको नेपालको जस्तै छ। यसैको कारण राजा महेन्द्रबाट २०१७ पौष १ को घटना हुनगयो। जसलाई विरोधीहरूले राजाको कू र समर्थकहरूले ऐतिहासिक कदम भन्छन।

मुलुकको विकास र जनताको सुख समृद्धिको लागि काम गर्नुको सट्टा अहिले जस्तै पार्टी पार्टी वीच झगडा र आफ्नै पार्टी भित्रको झगडामा रूमल्लिएको मुलुकलाई कटु अनुभवको आधारमा ठीक वाटोमा लगी विकास निर्माण गर्ने उदेश्यले राजा महेन्द्रले पञ्चायती पद्धति अवलम्बन गरेको देखिन्छ। यो असत्य जरूर होइन। राजाको मान प्रतिष्ठा सुरक्षित गर्ने अभिप्राय पनि यसमा जरूर रहेको हुनुपर्छ नै। कुराजस्तो भएपनि, जसले पञ्चायती व्यवस्था निर्माण र प्रतिपादन गरेको भएपनि पार्टीको कलहवाट देशलाई अलग राखी देश निर्माण गर्नको लागि यो एक उपयोगी राजनैतिक पद्धति नभएको भने होइन- बुझ्नेले कुरा राम्रो बुझेको र इमान्दारीपूर्वक कार्यान्वयन गर्न सकेको भए। तर मलाई राम्रो समझना छ। यसको कार्यान्वयन सुरूदेखिनै राम्रो हुन सकेन।

नेपाली कांग्रेशका बागी नेताहरू डा.तुल्सी गिरी, विश्वबन्धु थापा आदिको मूल सहभागितामा यो सुरूभयो। पार्टी व्यवस्था विरूद्ध यो आएको कारण सुरूमा प्रतिबन्धित पार्टीका सबै जसो मान्छेहरू यो व्यवस्थाको विरोधी भए। उनीहरू यसमा आएनन। हामी जस्तो उबेलाका कच्चा वुद्धिका स्वतत्र नवयुवकहरू राजालाई प्रतिगमनकारी र पार्टी नेताहरूलाई मात्र अग्रगामी, प्रजातन्त्रवादी ठान्ने भए। उनीहरूले यसमा अभिरूची लिएनन्। यसो हुदा स्कूल कलेज पढन नसकी शहर वा गाउँघरमा हल्लिएर वसेका एक किसिमले फटाहा प्रबृतिका धेरै व्यक्तिहरू यसमा प्रवेश गरे। यसो हुँदा एक समय चोर फटाहा जति पच्चायतमा लागे भन्ने कहावत पनि हुन गएको मलाई सम्झना छ। अर्को कुरा यो व्यवस्था कांग्रेसी सरकारलाई अपदस्थ गरी आएको हुँदा यो व्यवस्थाले काग्रेसीहरूलाई शत्रुतापूर्ण दृष्टिकोणले हेर्ने र काग्रेसीहरूले यो व्यवस्थालाई आफ्नै शत्रु ठान्ने पनि हुनगयो।

यस्तो भएपछि यो व्यस्थाले आफ्नो सहयोग र सहाराको रूपमा कम्युनिष्टहरूलाई नजिकियाए। कमल राज रेग्मी, डी.पी. अधिकारी, केशर जङ्ग रायमाझी आदि आदि कम्यूनिष्ट नेताहरू यसमा समावेस भए। हुनत विस्तारै काग्रेसीहरू पनि यसमा नलागेका होइनन्। रूद्र प्रसाद गिरी देखि पर्शुनारायण चौधरी, श्रीभद्र शर्मासम्मका कांग्रेसका ठूला नेताहरू पनि प्रवेश गरेका हुन्। तरपनि व्यवस्था राम्रो बनाइ मुलुक बनाउने भन्दा यो थरी थरीका स्वार्थीतत्वहरूको स्वार्थ सिद्ध गर्ने व्यवस्था हुन गयो। काग्रेसहरू ओझेलमा परेकाले कम्युनिष्टहरूलाई यस व्यवस्थाले आफ्नो संगठन विस्तार गर्न र अनुयायी वृद्धि गर्न ठूलो टेवा दिएको मलाई महसुस हुन्छ। २०१७ सालमा हातको औंलामा गन्न पनि संसद्मा नभएका कम्युनिष्टहरू आज मुलुकमा शासनको बागडोरमा हुनुमा यो पनि एउटा कारण जस्तो देखिन्छ। कुरा जस्तो भएपनि राजाको प्रत्यक्ष नेतृत्व,रेखदेख रहेकोले यो व्यवस्थाले देशको पूर्वाधार विकासमा उल्लेखनीय योगदान नगरेको भने होइन।

यो व्यवस्थाको अन्तपछि २०४७ सालको संविधान वभोजिम देशमा बहुदल आएको पनि पुरा ३५ वर्ष भइ सक्यो। यस बीचमा हामीले २०४७ को सविधान पनि फाली २०७२ को संविधान ल्याइ सक्यौ। हामीले धेरैवटा संविधान बनाई सक्यौ। संविधानको संख्यामा भने हामीले धेरै विकास गर्यौ। तर हामी भने २०१७ सालमा राजा महेन्द्रले कटु अनुभव गरेको बहुदलको अवस्थामा नै छौ। पार्टी पार्टी बीचको झगडा मात्र होइन पार्टीभित्रै पनि नेता र कार्यकर्ताहरू बीचको आरोप प्रत्यारोप, आक्षेप, गालीगलौज सबै पार्टी भित्र उस्तै छ। यै कारण पटकपटक अल्पमत वा बहुमतको सरकार विघटन् हुनगएको इतिहास पनि हामीसँग छ।

हालै भइरहेको विभिन्न पार्टी र नेताहरू बीचको आक्षेप आरोपले मुलुकको वर्तमान स्थिति प्रष्ट्याउँछ। देश ओरालो लागेको छ। देशमा महङ्गी, जनताको आम्दानीको पहुच बाहिर छ। स्वास्थ्य शिक्षा र न्याय धनीको मात्र हक अधिकारको जस्तो भएको छ। गरीवको क्षमता बाहिर छ। कुनै पनि अड्डा अफिस जान पर्यो भने मुटु हल्लिन्छ। भ्रष्टाचारीको मुख अघि आउँछ। डरले रिङ्गटा लाग्छ। जुनसुकै पार्टीको सरकार भएपनि कुशासन उस्तै रहेको जनताको अनुभव छ। सुशासनको आशा आकाशको फल आखा तरी जस्तो स्थितिमा छ। मुलुकमा सुब्यवस्थाको जग बसाली जनताको जीवनस्तर उकास्नेतर्फ कुनै ठोस् काम भएको देखिन्दैन। जनताको सेवा र कामले बहुदलीय व्यवस्थाको महत्व र उपादेयता स्थापन गर्नुको सट्टा वर्तमान नेता र कार्यकर्ताहरूले बहुदलीय व्यवस्थामानै आछी गरेको महसुस हुन्छ। यसरी आछी गर्ने नेता र कार्यकताहरूलाई यो दुर्गन्ध नभएपनि जनतालाई भने यो दुर्गन्ध सहन गार्हो भएको छ। यै कारणले नै हाल मुलुकमा जेन जी आन्दोलन भएको भन्नु अन्यथा हुँदैन।

गत ३५ वर्ष सम्मको अनुभवले हामीलाई चाहिएको सुव्यवस्था, सुशासन र बिकास हालको संविधान, ब्यवस्था र हालका दल र पात्रहरूबाट हुन नसकेकोले यी कुराहरूमा कुनै पुनरावलोकन र संशोधन नगरी यसैबाट आन्दोलनको माग र जनताको आकांक्षा पुरा हुने स्थिति बिल्कुलै छैन। यसैले प्रतिनिधि सभाको बिघटन, अनि चुनाव र प्रतिनिधि सभा गठन मात्र यसको औषधोपचार हुँदै होइन। मष्तिष्कको रोगीलाई खुट्टाको उपचार गर्ने जस्तो यो काम नगरी यसको सही जाँच र उपचार गर्ने काममा मुलुकको समस्त जनताले बुलन्द आवाज उठाउन पर्ने देखिन्छ।

जसरी राम्रो गुणस्तरको प्रभावकारी शिक्षाको लागि राम्रो पाठयांश, राम्रो योग्य कर्मठ शिक्षक, राम्रो पुस्तकालय, राम्रो प्रयोगशाला आवश्यक हुन्छ। त्यस्तै ने मुलुकमा सुशासन र सुव्यवस्थाको लागि सरकार चलाउने नेताहरू योग्य, बुद्धिमान, निस्वार्थी, चरित्रवान हुनु पर्छ नै। राम्रो शिक्षक नभई जस्तोसुकै शिक्षा पद्धति राम्रो ल्याएपनि शिक्षा राम्रो हुँदैन। त्यस्तै जस्तोसुकै राम्रो संविधान भएपनि निस्वार्थ नेता कार्यकर्ता नभए सम्म मुल्कमा सुशासन कायम हुन सक्तैन। यो सत्यतामा सवैले हृदयङ्गम गरी मुलुकमा स्वार्थी नेता र कार्यकर्ताहरूलाई निसत्साह र इमान्दार नेता र कार्यकर्ताहरूलाई प्रोत्साहन र टेवा दिने वातावरण सृजना गर्न पनि उतिकै जरूरी छ।

यो अव २०१७ सालको नेपाल त होइन। जान्ने र बुझ्ने जनसंख्या धेरै भइसकेका छन्। यसो भएपनि देशको समस्यामा विवेक र अन्तस्करण प्रयोग गरी सत्यको प्रतिनिधित्व गर्ने समाजको अभाव यस देशमा देखिएको छ। सत्य र तथ्यको आधारमा सही सूचना प्रवाह गर्ने पेशा अगालेका धेरै जसो पत्रिका खबर समेत सत्य र तथ्य भन्दा दलगत स्वार्थमा रही जनतालाई सत्य मार्गमा अग्रसर गराउने मार्गमा नलाग्नु पनि कम आश्चर्य होइन। त्यस्तै विश्वविद्यालयमा पढाउने उच्च तहका बुद्धिजीवीहरू पनि बुद्धिजीवी भन्दा पार्टीजीवि हुनु पनि कम अनौठो होइन। त्यसभन्दा पनि बढी लाखौ लाख शिक्षित युवाहरू तिव्वतका लामा भेड्चवारको पछि भेडाहरू लागे जस्तै उनै भ्रष्ट नेता पार्टीका जुलुसमा लाग्नु पनि कम रहस्यमय होइन। त्यसभन्दा पनि वढी उही दलहरूका नेता र कार्यकर्ताहरू कहिले नागरिक समाज, कहिले मानवअधिकारकर्मी भई सडकमा उत्रिनु र एकले अर्कोलाई गाली गर्नु र स्वतन्त्र शुद्ध नागरिक समाज देशमा नदेखिनु पनि अचम्म लाग्छ।


गर्मीमा जाडो महसुस गर्नसक्ने र जाडोमा गर्मी महसुस गर्न सकने वा दिनलाई रात भन्न सक्ने र रातलाई दिन भन्नसक्नेलाई जाडो गर्मी, दिन रात कसरी कसले बुझाउने ?.यो स्थिति हेर्दा यो मुलुक यस्तै स्थितिमा कति वर्ष जाने हो, कल्पना गर्न गाह्रो छ। तर पनि ठीकलाई ठीक वेठिकलाई बेठिक भन्नसक्ने, आफ्नै नेताको खराव आचरण र निन्दनीय क्रियाकलापको डटेर विरोध गर्न सक्ने र आफ्नो विरोधी पार्टीको नेताको राम्रो काम कुरालाई खुल्ला दिलले स्वागत गर्न सक्ने नेता कार्यकर्ता मुख्यत:जनताको बृद्धि हुदै जाओस्। कामना गर्दछु। संविधान र यस व्यवस्थामा जानी नजानी प्रवेश गरे गरेका खराव किटाणुहरू अर्थात गणतन्त्र, धर्म निरपेक्षता, संघियता हटाई यस व्यवस्थामा आफैले गरेको फोहर सफा गर्न सक्ने नेता पनि देशले पाउन सकून कामना गर्दछु।

narayanshanti70@gmail.com

# ड्याससमूह र क्यास समूहका कुरा



गणेशबहादुर ढुङ्गाना




त्यसरी नै हाम्रा जातीय र राष्ट्रिय पहिचान मेटाउन अल्पसंख्यकमा लैजाने, सिमाना खुम्च्याउने, सार्वभौमिकता सिमित गर्ने, असमान सन्धि-सम्झौता गर्ने गराउने समेतका आदि इत्यादि भारतीय विशेष स्वार्थका विषयमा पनि अव नेपाली एकजुट हुनैपर्दछ। हाल नेपालमा भारतले छेडेका सर्वङ्गीण युद्धमा मिडिया युद्ध पनि एकतर्फी र सशक्त रूपमा प्रयोग गरेको छ। जतिसुकै झूठो र नेपालबिरोधी विषय भए पनि गोयवल्स शैलीमा प्रचार गरेको गऱ्यै झूठलाई सचमा परिणत गरिदिन्छ, अस्वभाविकलाई स्वभाविक बनाइदिन्छ, विदेशीका स्वार्थका शव्दलाई स्वदेशीकै हितकाजस्तो शैलीले विश्वासमा ढाल्ने, मानसपटमा ढुकाउने र जनजिब्रोबाट बकाउने जस्ता राष्ट्रघाती सूत्र प्रवेश गराउँछ। जसरी नेपालका राजनीतिक दल, जातिवाद, आतंकवाद, मधेसवाद, संविधानवाद, नागरिकतावाद, प्रशासन, सुरक्षावाद, मानव अधिकारवाद, नागरिक समाजवाद, अन्य बुद्धिजीवीवाद समेत गैह्रवादमा ढुको छ, त्यसरी नै मिडियावादमा पनि उसको ठूलो धनराशी खर्च भएको छ। प्राय: उसैद्वारा सञ्चालित छन्। अत: नागरिक हस्तक्षेप हुनुपर्दछ र नेपालको हितमा मिडिया प्रचारप्रसारको मूल फर्काउनु पर्दछ। यी माथिका सबै कुरालाई सच्याएर एक ठाउँमा ल्याउन सक्यौं भने मात्र नेपाल, नेपालीको लागि सुरक्षित मातृभूमि, साझा मातृभूमि रहन सक्दछ भन्ने हामी सबै नेपाली जातको साझा धारणा बन्दै गएको यो समयको सही सदुपयोग गरौं।

बिगत आधा शताव्दीदेखि नेपाली उग्रवादको लाहोर नयाँदिल्ली भएको कुरा जगजाहेरै छ। उग्रवादका लाहुरे भएर दिल्ली जाने राजनीतिक पार्टी विभिन्न तह र तप्काका मान्छे र मिडियालाई उग्रवादको लाहुरे बनाएर मासिक,दैनिक र पटके ज्यालादारीमा शिखण्डी योद्ध बनाएर नेपालको विरूद्धमा प्रयोग गर्ने र नेपालको धन, जनको अपुरणीय क्षति पुर्‍याउने भारतीय ग्याण्ड डिजाइनलाई रोकथाम गरेर सही बाटोमा ल्याउनु पर्ने आजको टड्कारो आवश्यकता देखिएको छ। त्यसको लागि उपरोक्त सबै धारलाई नेपालको मूलधारमा समावेश गरी भारतसँग सौहाद्रपूर्ण रूपमा छिनोफानो गर्न बाञ्छनीय भएको हुँदा नेपालले आफ्ना एजेन्डा भारतसमक्ष राख्ने एउटा समन्वय तथा संघर्ष समिति नै गठन गर्नु पर्दछ। जसको उद्देश्य पहिले शान्तिमय सद्भावनापूर्ण वातावरणमा कुराकानी गर्ने र हाम्रा हालसम्मका विवादका सबै विषयमा पुनरावलोकन तथा समानीकरण गर्नुपर्दछ। भारत सरकार वा उसको गुप्तचर संस्था 'रअ' ले हाल जुन नेपालनीति लिएर शान्तिक्षेत्रलाई उग्रवादी क्षेत्र, विकास क्षेत्रलाई विनास क्षेत्र, नेपाल क्षेत्रलाई भारतीय क्षेत्र, एकता क्षेत्रलाई बिखण्डन क्षेत्र, प्रजातान्त्रिक दलीय क्षेत्रलाइ लेण्डुपे क्षेत्र, पञ्चशील क्षेत्रलाई दैनिक हस्तक्षेप क्षेत्रमा परिणत गर्दैछ, त्यो कुनै दिन 'मियाँकी जुती मियाकी शर' भएर नबज्रियोस्। आज भारतले नेपाल खानका लागि नेपालभित्रै दर्जनौं भारतीय मधेसिया राजनीतिक दलहरू खोलेर परिचालन गरिरहेको छ, जसको निरन्तर युद्ध नागरिकतामा, हिन्दी भाषामा र तराई फुटाउने धम्कीमा निहीत रहेको छ। भारतीय मधेसे र आदिवासी नेपाली तराईवासीमा मूल भेद के छ भने नेपाली तराईवासीहरू एक मधेस एक प्रदेशको बिरोध गर्दछन्। हिन्दीभाषाको विरोध गर्दछन्। भरतीयलाई नागरिकता दिनु हुँदैन भन्छन्। आफूलाई बिशुद्ध धर्तीपुत्र नेपाली मान्दछन् र नेपाल आमाको अखण्डतामा कहिले आँच आउन नदिनमा प्रतिवद्ध तथा ऐक्यवद्ध छन्। केही नेपाली भनाउँदा राजनीतिक दल र भारतीय मधेसे दललाई एउटै साङ्लामा बाँधेर कात्तिके जत्था बनाएर सडकमा छाडा छाडिदिएको छ जसको हर्कत देखेर बटुवाहरू स्वयम् लाजले आँखा चिम्लेर हिड्न बाध्य छन्।

अर्कोतर्फ एकसयभन्दा माथिको संख्यामा भारतीय मधेसेहरूको सुसंगठित सशस्त्र उग्रवादी दलहरू भारतबाट नेपालमा कारवाही गर्दछन् र फर्किएर उहीं गएर सुरक्षित बस्दछन्। तिनीहरूको आश्रय वा सेल्टर र लजिस्टिक सपोर्ट भारतबाटै हुन्छ। उनीहरूको भविष्यको सोचाइ श्रीलंकाली मोडेलकै भए पनि हाललाई नेपाल पस्ने, लुटपाट, हत्या, अपहरण, फिरौतीका काम गर्ने र नेपाल सरकारलाई विभिन्न विषयमा कागज (सम्झौता) गराउने मुख्य रहेका देखिन्छन्। यी सबै काम भारत सरकारले नेपाली नेता, बुद्धिजीवीहरूको चरित्र, हैसियत र मुटु छामेर र हेपेर गरेको काम हो। विश्व समुदायलाई पनि भारतले 'स्वार्थका अन्धा' भनेर पहिचान गरेको परिणाम हो यो। आज हाम्रो नेपालमा शास्त्रास्त्रमा चलेको संविधानवादको सार्थक समस्या होइन, अपितु राष्ट्रघाती भारत सरकार र चारदलीय अराष्ट्रिय गैरसंवैधानिक शक्ति केन्द्रको ठूलो र डरलाग्दो समस्या हो। त्यसरी नै शक्तिको पृथकीकरण पनि समस्या होइन, शक्तिको बिखण्डीकरणको ठूलो र डरलाग्दो समस्या आएको छ। त्यसरी नै डर प्रजातन्त्रको होइन, फिजीकरणको हो। डर संविधानसभाको होइन, सिक्किमी लेण्डुपे समस्याको हो। समष्ठिगत रूपमा एकमुष्ट डर निर्दयी खुँखार क्षेत्रीय बिस्तारवादी भारत सरकारको हो।

अव विवाद उठेको छ प्रधानन्यायधीशले निर्वाचन हेतु प्रधानमन्त्री पदमा जानु हुन्थ्यो कि हुँदैनथ्यो ? भन्ने। यसको विषय र प्रसङ्गले सुफथ राष्ट्रिय गाँठो फुकाएर निकास दिनेमात्र पवित्र उद्देश्य अन्तर्निहित छ भने प्रधानन्यायाधीशले गएर तटस्थ निर्वाचन सम्पन्न गराइदिनु सुनमा सुगन्ध हो। तर प्रधानन्यायाधीश जानु अघि नै भारत सरकार र चालदलीय अपवित्र गठबन्धनले अझ अरू थप ५० लाख भन्दा धेरै भारतीय मधेसेलाई नागरिकता दिने, सबै अनागरिक भारतीयलाई पनि मतदातामा समावेश गर्ने, राष्ट्रिय सेनामा गैरलडाकु भारतीय मधेसेलाई माओवादीसरह वा सोभन्दा पनि बढी संख्यामा प्रवेश गराउने, जथाभावी अनाधिकार संविधान लागूवा संशोधन गर्ने, न्यायपालिका र सुरक्षा निकायलाई पनिपंगु पार्ने अनि सबै न्यायिक निरूपण गर्नुपर्ने विषयलाई प्रधानन्यायाधीशबाटै लालमोहल लगाएर न्यायिक मार्ग छेक्ने, न्यायालय रसुरक्षा फौजलाई एकैचोटि पंगु बनाएर छाडिदिने र देशलाई फिजीकरण तथा सिक्किमीकरणको अन्तिम क्षेणमा पुऱ्याइदिने समेत चलखेल देखिएकाले त्यस्मा प्रधानन्यायाधीशको सहभागिता हुनुहुँदैन भन्ने आम धारणा छ। यस्तो जनमतको ज्वलन्त उदाहरणहरू पनि स्पष्ट रूपमा दृष्टिगोचर हुनथालेका छन्। नेपालको अस्तित्व पनि राष्ट्रवाद र विदेशी दलाल तथा हस्तक्षेपसँगको निरन्तर युद्धसँग अघि बढिरहेको छ। नेपालको राष्ट्रवाद निरन्तर सनातन तथा रक्तविजको रूपमा अडिग अजय हुँदै अघि बढिरहेको छ। हाल भारत सरकारको नेपाल र नेपाली सिध्याउने अरवौं भारूको दुई नम्बरी खोलो बगिरहेको छ। नेपालमा यसरी भारतीय कूटनीतिक नियोग तथा खुफिया माध्यमबाट अर्बौं, खर्बौंको दुरूपयोग हिसाव जचाउन नपर्ने गरी भइरहेको कुरा भारतका भ्रष्टाचार विरूद्धका बरिष्ठ योद्धाहरूलाई पनि जानकारी भइसकेको र नीजहरूले नेपालमा भएको यी यावत कारणहरूले गर्दा आज देश दुई खेमामा स्पष्ट विभाजित भएको छ : १) क्यास समूह। (विदेशी पैसामा विकेका भ्रष्टतत्व), २) ड्यास समूह (राष्ट्रवादी योद्धा)। क्रमस: क्यास तत्वको दिनप्रतिदिन भण्डाफोर, तेजोवध र विश्वसनीयतामा व्यापक ह्रास आइरहेकोछ। जनताले भारतपरस्त अराष्ट्रिय तत्वको रूपमा बुझ्न थालिसकेका छन्।

# केही कम्युनिस्ट गतिबिधिले इतिहासमा देखाएको फरक चरित्र



कुनै पनि राजनीतिक दल समाजमा यत्तिकै जन्मिँदैन । यसको सुरूवात त्यो समाजको आवश्यकताद्वारा सैद्धान्तिक रूपमा सूत्रपात हुने गर्छ । यसरी सूत्रपात भएको सैद्धान्तिक विचार नागरिकद्वारा स्वीकार्य भयो भने मात्र समाजिक तबर बाट स्थान पाउँछ वा उक्त ठाउँमा स्थापित हुन्छ । यही सन्दर्भलाई जोडेर हेर्दा नेपाली समाजमा स्थापित भएर आफ्नो राजनीतिक गतिविधिलाई निरन्तरता दिइरहेका नेपालका कम्युनिष्ट पार्टीहरू, जसले मार्क्सवादी विचारलाई अंगालेर राजनीतिक गर्ने गरेका छन् यस्ता पार्टीहरूले विभिन्न समयमा गरेका र उनीहरूद्वारा गरिएका केही घटनाक्रममा आधारित तथ्यले वास्तविक राजनीतिक गर्नुको साटो फरक बाटोमा मोडिएको स्पष्ट देखिन्छ ।

वैचारिक अवधारणाको दृष्टिकोणले हेर्ने हो भने "concept of communism" अथवा कम्युनिजमको धारणा ईसापूर्व चौथो शताब्दीमा नै प्लेटो तथा अरस्तु जस्ता ग्रीक दार्शनिकहरूदारा विकास भएको थियो । तर अहिले राजनीतिक भाषामा प्रयोग हुने कम्युनिष्ट विचाधारा विशेषगरी कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सद्वारा सन् १८४८ मा प्रकाशित "कम्युनिष्ट घोषणापत्र" मा आधारित छ । पछि यही राजनीतिक विचारको अवधारणामा टेकेर २०औं शताब्दीको सुरूवाततिर अथवा सन् १९१७ मा सोभियत सङ्घका प्रसिद्ध नेता भ्लादिमिर लेलिनले विचारलाई क्रान्तिमा ढाल्ने काम गरे पछि त्यही विचारलाई लागू गर्न सन् १९४९ मा माओत्सेतुङको नेतृत्वमा चिनियाँ क्रान्ति, सन् १९५५-१९७५ मा होचि मिन्हको नेतृत्वमा भियतनाम कम्युनिस्ट क्रान्ति हुँदै यो विचार विश्वभरका धेरै मुलुकहरूमा पुँजीवादी राज्य व्यवस्थालाई अपदस्त गर्ने उद्देश्यका साथ संसारका अन्य मुलुकहरूमा फैलियो । यसरी यो विचार संसारभर फैलिँदै गर्दा नेपाली राजनीतिको आवश्यकताले सन् १९४९ मा कम्युनिस्ट पार्टीको स्थापना गरायो । अथवा यही विचारमा आधारित रहेर वि.सं २००६ साल वैशाख १० गते महासचिव तुलसीराम अमात्य र संस्थापक पुष्पलाल श्रेष्ठको नेतृत्वमा नेपालमा कम्युनिस्ट पार्टीको स्थापना भयो । हुनत भारतमा सन् १९२८मा नै कम्युनिष्ट पार्टीको स्थापना भएको मानिन्छ, तर उक्त ठाउँमा ब्रिटिसहरूको शासन भएको कारणले गर्दा कम औपचारिकता दिने गरिन्छ । त्यसैले गर्दा दक्षिण एसियाली मुलुकहरूमा नेपाल मात्र एउटा यस्तो मुलुक हो जसले अन्य दक्षिण एसियाली मुलुकहरूको स्वतन्त्रताको सङ्ग्राम पश्चात भर्खरै स्वतन्त्र भएका थिए, त्यतिबेला नै यस विचारलाई नेपाली समाजमा आवश्यकता अनुरूप अवलम्बन गर्न कम्युनिष्ट पार्टीको स्थापना भइसकेको थियो तर पनि त्यति लामो कम्युनिष्टको ऐतिहासिक पृष्ठभूमिमा नेपाल बाँधिएर आएको देखिँदा देखिँदै पनि किन आम नागरिकको राजनीतिक आस्था र विश्वासलाई पूर्णता प्रदान गर्न सकेन ?

यी यस्ता किसिमका राजनीतिक विषयलाई लिएर प्रश्न खडा हुनुको पछाडिको कारण भनेको कम्युनिष्टहरूले वास्तविक सैद्धान्तिक र वैचारिक पक्षहरूलाई एकात्मकवादी सोचतर्फ ढाल्नु हो । जुन कुराको सुरूवात वि.सं २०१४ सालको पार्टीको महाधिवेशनबाट निर्वाचित महासचिव केशरजंग रायमाझी द्वारा सुरूवात हुन्छ । उनी महासचिवमा चुनिएको तीन वर्ष पुग्दा नपुग्दै विसं २०१७ सालमा तत्कालीन समयमा राजा महेन्द्र वीरविक्रम शाह द्वारा सम्पूर्ण राजनीतिक दलहरूको राजनीति गर्ने अधिकारमाथि प्रतिबन्धित लगाई सम्पूर्ण राजनीति अधिकारसमेत खोसेको निर्णयलाई स्वीकार गर्नु अथवा उक्त निर्णयको स्वागत गर्नू साँच्चै कम्युनिस्ट विचार र आदर्श विपरीत थिएन त ? पछि यही निर्णयबाट वैचारिक विविधता देखिँदा पार्टी टुटफुटको विजारोपण हुनपुग्यो । जुन अहिलेसम्म समाजमा परम्पराको रूपमा स्थापित हुँदा हाल नेपालमा १६ वटा भन्दा धेरै मार्क्सवाद, लेनिनवाद र माओवाद मान्ने कम्युनिष्ट पार्टीहरू छन् । यीनीहरूको राजनीतिक उद्देश्य, विचार र आदर्श सबै कुरा एउटै हुँदाहुँदै केही व्यक्तिगत स्वार्थ र एकात्मकवादी सोचका कारण एउटै राजनीतिक दर्शनलाई फरक फरक दिशातर्फ दीशान्तर गरेका छन् ।

यस्तै २०४६-४७ सालको जनआन्दोलन पूर्व सिद्धान्त नमिल्ने प्रजातान्त्रिक समाजवाद र पूँजीवादलाई समाजवादको रूपमा स्वीकार गर्ने पार्टीहरूसँग मिलेर राजनीतिक गर्नु बहुदलीय प्रजातन्त्रका लागि स्वभाविक थियो होला तर आफ्नो दर्शनलाई नै छोडेर सीपी मैनालीजस्ता नेताहरूले काङ्ग्रेसीहरूसँग मिलेर पार्टीगत एजेन्डाहरूलाई नै मिश्रत गरी राजनीतिक गतिविधि गर्न कुन किसिमको मार्क्सवादले भन्छ ? त्यही समयमा उठेको एउटा कम्यूनिष्ट राजनीतिक विचार थियो जुन अहिले सम्म जनताको बहुदलीय जनवाद नामबाट पनि प्रसिद्ध छ । ज.ब.ज वा जनताको बहुदलीय जनवादले विश्व राजनीतिकमा कतै नदेखिएको विचार जन्माउन सफल त भयो तर यसले यो प्रश्न जहिले उठाइरहन्छ कि, के जनताको बहुदलीय जनवादले साँच्चिकै मार्क्सवादी विचारलाई उद्देश्यमा पुर्याउन सक्छ ? यो विचारले अन्य किसिमका वैचारिक धारहरूलाई आत्मसात गर्ने राजनीतिक पार्टीलाई पनि मूलधारमा प्रवेश गराई राजनीति गर्ने अधिकार र स्वतन्त्रता प्रदान गर्छ तर यहीबाट पछि गएर आफैंले प्रतिपादित गरेको राजनीतिक सिद्धान्तबाट जन्मिएका राजनीतिक पार्टीले आफैमाथि कस्तो असर पर्छ भन्ने कुरालाई ध्यान नदिई जनताको बहुदलीय जनवादलाई मात्र आवश्यकताको लागि प्रयोग गरेको हो कि ? यो अवधारणा जे जस्तो भएपनि तत्कालीन समयमा परिवर्तन ल्याउन त सम्भव भयो तर केही कम्युनिस्ट राजनीतिक नेतृत्व ( सीपी मैनाली, झलनाथ खनाल, मदन भण्डारी ) बाहेक अन्य सबैले २०३६ सालको जनमत संग्रहलाई स्वीकार गर्नु सायदै गलत थियो । राजनीतिमा व्यक्तिगत असहमति हुनु स्वाभाविक हो तर यो भयो भन्दै गर्दा आफ्नो मूल दर्शन र विचारलाई टाढा राखेर गरिने यस्ता गतिविधिले अझ धेरै प्रश्नहरूको जालोमा नेपाली कम्यूनिष्ट चरित्रलाई उभ्याएको छ । किनकि पछि यही कारणले गर्दा त्यही सुधारिएको पञ्चायती व्यवस्था लागू गरियो जुन मार्क्सवादी र जबज दुवैको विपरीत थियो र यदि बहुदलीय जनवाद लागू भएपनि फरक राजनीतिक दललाई समेट्नु पर्ने थियो । २०४७ सालमा स्वीकार्नु पर्यो पनि ।

यो सँगै उक्त समयपछि आएको परिवर्तनलाई मार्क्सवादी लेनिनवादी र माओवादी आफैंले आफैंलाई कम्युनिस्टको दर्जामा राख्ने केही दलहरूले स्वीकार गरेर बसेकै अवस्थामा उक्त परिवर्तनका पश्चात आएको को व्यवस्था एउटा बिरूवाको रूपमा उम्रिन पाउँदा नपाउँदै तत्कालीन संसदीय व्यवस्था नमान्ने उद्देश्यका साथ भनौं वा राजतन्त्रात्मक राज्य व्यवस्था सहितको अवलम्बित व्यवस्था नमान्ने भनेर भनौ वा ४० बुँदे माग सम्बोधन नगरेको निउमा भनौं अथवा जेसुकै भनौ त्यस व्यवस्थामा भएका (वि.सं २०४७) सबै गलत कुराहरूलाई उछिन्ने निउमा वि.सं २०५२ सालमा फेरि जनवादी राज्य सत्तालाई मूल मुद्दा बनाएर ने.क.पा माओवादी १० वर्षसम्म युद्धमा होमियो । समाजको सामाजिक परिवेश अनुसार युद्ध गर्न स्वभाविक थियो तर बीचमा आएर आफ्नो विचार र मूल सिद्धान्त तथा १० वर्षसम्मको संघर्षलाई बिर्सेर २०६१ साल माघ २२ गते गर्ने भनिएको निर्णय (माओवादी र राजा मिलेर संयुक्तरूपमा शासन सत्ता सञ्चालन गर्ने) यस्तो थियो जुन कुरालाई अपदस्त गरेर नयाँ व्यवस्था ल्याउँछु भनेको थियो, भलै पछि तत्कालीन राज्य सत्ताको नेतृत्व गर्ने व्यक्तिले (श्री ५ ज्ञानेन्द्र विरविक्रम शाह) लिएको निर्णयले गर्दा नै त्यो उद्देश्य पूरा हुन सकेन र यदि यो निर्णय सफल भएको भए नेपाली राजनीतिक इतिहासमा कम्युनिस्टको नाम बेचेर हुने भ्रमको राजनीतिक जस्तो राजनीतिक सकभर कहिले हुने थिएन । त्यसैले गर्दा यस्ता केही गलत निर्णयहरू सफल नहुनु आफ्नो ठाउँमा छ तर नेतृत्वको ईमान र चरित्रतामाथि जहिले प्रश्न उठाइरहन्छ र आम नागरिकले भित्री रूपमा अवलोकन गरिरहेका पनि छन् ।

यस्तै अर्को महत्वपूर्ण घटनाको रूपमा लिन सकिन्छ, १२ बुँदे सहमति पछि सफल भई दोस्रो जनआन्दोलन बाट आएको परिवर्तन पश्चात् करिब ७४% भन्दा धेरै कम्युनिस्टहरूको बाहुलीयता थियो । यस्तो अवस्थामा पनि आफूले मानि आएको दर्शन अनुसार संविधान बनाउन सकेनन् । सायद यसको प्रमुख कारण भनेको विपरीत धारका राजनीतिक दलहरूप्रति गठबन्धन गरेर सीमित स्वार्थ र आवश्यकताका लागि बनाईएका सरकारहरू भएरै हो । यसले गर्दा पनि उक्त संविधान अन्तर्गत टिकेर बन्ने नीति तथा नियमहरू पनि कम्युनिस्ट विचार अनुरूप बन्न सकेनन् जुन अहिलेसम्म व्यक्तिगत सम्पत्तिको अवधारणामा ( पुँजीवादी अर्थ व्यवस्था मान्ने) आधारित कानुनबाहेक अन्य कम्यूनिष्ट अवधारणामा आधारित नीतिहरू बनिरहेका पनि छैनन् । त्यसैले गर्दा पनि २०६३ सालको अन्तरिम संविधान यस्तो बन्यो कि जुन आफ्नो सिद्धान्त विपरीत बन्यो नै । यसले सिंगो राष्ट्रलाई समेत अर्कै व्यवस्थाको बाटोतर्फ मोड्यो जुन कारणले गर्दा कम्यूनिष्ट प्रतिको जनआस्था र विश्वास टुट्न पुग्यो । हाल लागु तथा कार्यान्वयनमा आएको २०७२ सालमा जारी संविधानलाई पनि "समाजवाद उन्मुख" संविधानको रूपमा उल्लेख गरेको पाइन्छ तर यस विषयलाई पनि पूर्णता मार्क्सवादी विचारमा आधारित संविधानको रूपमा स्वीकार्ने कि नस्वीकार्ने भन्ने विषय नै विवादास्पद जस्तो देखिन्छ किनकि तत्कालीन संविधान जारी गर्दा विपरीत धारका राजनीतिक दलहरूको मिलेमतोमा बनेको संविधान भएका कारण पनि यो संविधानलाई या त मार्क्सवादमा आधारित संविधान, या त प्रजातान्त्रिक समाजवादमा आधारित भन्ने कुरा विवादित छ । यो कुरा सर्वसाधारणलाई विश्वास दिलाउन सजिलो भएतापनि वास्तविकता देखाउन भने कठिन छ । यो संविधान वामपन्थी विचारमा आधारित भनेर दाबी गर्नु गलत हुन जान्छ ( जुन मार्क्सवादी दर्शनलाई मान्नेहरूले दाबी गर्छन् र गरिरहेका छन् ) किनकि वामपन्थी भन्नाले कम्युनिस्ट मात्र होइन अन्य सामाजिक रूपमा जनताको भलाई चाहने पार्टी तथा राजनीतिक दलहरूलाई पनि समेट्छ जुन वैचारिक हिसाबले वामपन्थी विचारलाई मान्ने संविधान भन्न सकिएला तर पूर्णत मार्क्सवादी दर्शनलाई अँगालेको भनेर भन्नु अथवा स्वीकार गर्नू गलत देखिन्छ ।

यति मात्र नभई विभिन्न किसिमका नीति तथा नियम बनाउँदा समेत वास्तविक विचारलाई आदर्शको रूपमा नमानी अथवा ध्यान नदिई पुँजीवाद, अर्धपुजीवाद, उदारवाद तथा नवउदारवाद लाई जोड दिनु कतिसम्म आफ्नो चारित्रिकता र राजनीतिक वैचारिकतालाई टाढा राखेका छन् भन्ने कुरा स्पष्ट देखिन्छ ।

यस्तै चुनावी लक्ष्य हासिल गर्नका निम्ति बन्ने विभिन्न चुनावी गठबन्धनले जनता सामु लिएर जाने कम्युनिष्ट पार्टीहरूका चुनावी एजेन्डाले नागरिक जनआस्थाको विश्वास मात्र गुमाउनु होइन यो एउटा झुटा र भ्रमको खम्बा हुनुका साथै सिद्धान्त र विचारलाई अपमान गरेको देखाउँछ । त्यसैले कम्यूनिष्टहरूले मुलुक मात्र नभई अन्तर्राष्ट्रिय रूपमा समेत अफ्नो मान्यतालाई गुमाउने गरेका छ ।

यी यस्ता गतिविधिले सिमित क्षेत्र नभई सिङ्गो देशको राजनीतिमा परेको प्रभावले गर्दा हाल नागरिक मनस्थितिबाट एउटा वितृष्णा थियो । जसको परिणाम भदौ २३ र २४ गतेको जेन्जी विद्रोह पनि एक हो । हुनत यसका मूल कारणहरू फरक छन् । तर ती आन्दोलनको पछाडिको कारक तत्त्व नेपाली समाजमा स्थापित राजनीतिक दलहरूको चरित्र पनि हो । यसलाई एउटा विशेष वैचारिक अवधारणा आधारित राजनीति गर्ने कम्युनिस्ट सरकारलाई सत्ताच्युत गर्नु मात्र नगरी सिंगो व्यवस्था नै उल्टाउन सफल भयो । यो एउटा आन्दोलन मात्र नभई हरेक राजनीतिक दलहरूले आफूबाट भएका गल्ती कमजोरीहरूलाई लिएर सच्चिने प्रण गर्नुपर्छ भन्ने सन्देश पनि हो । यो अवस्थालाई गम्भीर रूपमा लिएर आत्मा आलोचित हुनुको सट्टा नेपालका कम्युनिस्ट भनिने पार्टीहरू एकातिर बाम एकाता को बहस गर्ने र अर्को तर्फ फरक फरक ठाउँमा विभाजित हुँदै आआफ्ना स्वार्थ अनुसारका राजनीतिकर्मीहरू सँग मिलेर अगाडी बढ्ने जस्ता कुरा गरिरहेका छन् । वास्तवमा एकबद्ध भएर अगाडि बढ्नु नराम्रो त होइन तर आवश्यकता र केही सीमित स्वार्थका लागि मात्र एक ठाउँमा आउन खोज्ने, छुट्टिने, समय समयमा एक हुने, आफ्ना विचारहरू नमिलेमा राजनीतिक भाषामा एकअर्कालाई गाली गर्ने प्रवृत्तिले जनतामा झन् विश्वास टुट्ने मात्र होईन समाजमा झन् आक्रोशको विजारोपण गराउँछ । जसले गर्दा मुलुकमा फेरी यस्ता ठूला घटना हरू निम्त्याउने सम्भावना हुन्छ । सबैको उद्देश्य एउटै हुदा हुँदै पनि कम्युनिस्ट विचारलाई फरक फरक ढंगले व्याख्या गरी समाजमा आफ्नो राजनीतिक प्रभुत्व जमाउन खोज्ने राजनीतिक दलहरू अहिले आएर एक ठाउँमा आउने कुरा गर्दा स्वत: स्वार्थलाई अँगालेर राजनीति गर्न खोजेको प्रष्ट पार्छ । त्यसको तत्कालीन उदाहरण हाल नेपालले अवलम्बन गरेको संसदीय व्यवस्थालाई अस्वीकार गरेर यो व्यवस्थाबाट टाढा बस्ने र यस व्यवस्थाद्वारा अवलम्बित गरिएका विभिन्न नियमहरूलाई (जस्तै: हालको निर्वाचन प्रणालीलाई) नमान्ने भन्दै विरोध गर्ने पार्टीहरू ( नेत्रविक्रम चन्द नेतृत्वको पार्टी नेपाल कम्युनिस्ट पार्टी माओवादी) आएर यही यु.एम.ल सँग एकता गरेर यही व्यवस्थामा थुप्रिन खोज्ने हल्लाले नेपाली समाजमा झन् धेरै ठूलो वैचारिक प्रश्न खडा गरेको छ ।

यस्तै भर्खरै *कार्तिक १६ मा १८ बुँदे 'पार्टी एकता सहमति पत्र'मा हस्ताक्षर गर्दै दलहरूमा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेपाल समाजवादी पार्टी, नेकपा (समाजवादी), जनता समाजवादी पार्टी, नेपाल, नेकपा ( माओवादी-समाजवादी), नेकपा (साम्यवादी) र जनसमाजवादी पार्टीहरू बीच हुने पार्टी एकताको निर्णयले झन ठूलो सङ्का उत्पन्न गरेको छ* । त्यो यिनीहरूले आफ्नो सिद्धान्तसँगै जनआकांक्षालाई पूरा गर्नको लागि एकता गरेका हुन् अथवा आफू राजनीतिबाट विलय हुने डरले गरेका हुन् ? यदि आफ्नो विचार अनुसार जनआकांक्षालाई पूरा गर्नको लागि एकता गर्ने भए आफूले चाहेको बेला नभई जनताले चाहेको समयमा नै एकता गरी राजनीतिक कस्ले बाधा पुऱ्याएको थियो ? भन्ने जस्ता कुराले वाम एकतामाथि नै गम्भीर प्रश्न खडा गरेको छ किनकि यो एकतालाई केवल एकताको रूपमा नहेरी सीमित राजनीतिक पहुँच भएका नेताहरूको बीचको एकता भई अन्य व्यक्तिहरूलाई तितरबितर पारी झन् ठूलो वैचारिक विखण्डन तर्फ धकेल्ने देखिन्छ । यस्तै यही एकताले उद्देश्यलाई अर्को ठाउँमा राखेर स्वार्थलाई अँगाल्दै विभिन्न व्यक्तिहरूको भागभण्डा नमिल्यो भने भोलि गएर दीर्घकालीन रूप लिन नसक्ने कुरा निश्चित नै छ । जसले गर्दा मार्क्सवादी वा कम्युनिष्ट उद्देश्य पूरा गर्नु त कता हो कता हो उल्टै देशमा राजनीतिक अस्थिरता निम्त्याउनुका साथै देशको राष्ट्रिय राजनीति हुँदै राज्य व्यवस्था सञ्चालन गर्नमा समेत गम्भीर जटिलता निम्त्याउन सक्छ जुन कारणले गर्दा फेरि पनि भविष्यमा हाल भएको जेन्जी विद्रोहभन्दा ठूला विद्रोहहरू जन्मिन सक्छन् । यति गम्भीर अवस्था आउँदाआउँदै पनि हाम्रा कम्युनिस्टहरूले यसलाई सामान्य ढङ्गबाट लिएका छन् । विगतबाट आएका गल्ती कमीकमजोरीलाई सुधार गर्दै भविष्यको राजनीतिकलाई सही बाटोतर्फ मार्ग निर्देशित गरी राजनीतिक गर्नुपर्छ भन्ने कुरामा अझै पनि सचेत नभएको देखिन्छ । यी सबै कुराहरू कमी हुनुको मुख्य कारण भनेको सायद नेपाली राजनीतिमा जनताबाट भएको आलोचनाद्वारा आत्मा आलोचित नहुनु, उक्त कुरालाई गम्भीरताको रूपमा नलिनु र नैतिकतालाई नअङ्गालेर गरिने काम नै हो ।

त्यसैले कुनै पनि दर्शन तथा विचारलाई नैतिकता र मर्यादाको रूपमा नलिएसम्म र वास्तविक राजनीतिक ईमानलाई नमानेसम्म त्यो विचार केवल सत्ता र सिंहासनको भोग गर्नका लागि प्रयोग हुने साधन बाहेक अरू केही हुँदैन । यी यस्ता गतिविधि हुनुको मुख्य कारण भनेको नै कुनै पनि राजनीतिक विचारलाई एकात्मकवादी सोचको रूपमा प्रयोग गर्नु हो । त्यसैले गर्दा यो एकात्मकवादी विचारलाई आफ्नो तरिकाले लागु गर्न नछोडेसम्म जतिसुकै आदर्शको राजनीतिक गर्न खोजे तापनि त्यो अर्थहिन हुन जान्छ र त्यसलाई लिएर भविष्यले पनि औंला ठड्याई रहने छ र यहाँ भन्दा अघि गरेका गतिविधिले पनि नेपाली समाजमा कम्युनिस्टहरूको राजनीतिलाई लिएर औंला ठडाइरहेको छ । त्यसैले गर्दा आफ्नो विचारप्रति प्रतिबद्ध र अढिक रहेर यथार्थवादी राजनीति गर्न निम्ति एकात्मकवादी दृष्टिकोणलाई परित्याग गर्न आवश्यक छ । यो भनेको नै सुधारको प्रमुख सूत्र हो जसले इतिहासमा भएका गल्ती कमिकमजोरीहरूलाई सच्याउँदै भविष्यमा गरिने राजनीतिलाई सही बाटो तर्फ डोहोऱ्याउने गर्छ ।

**प्रविण वयक**- ख्वप कलेज अफ ल, ढोकोचा भक्तपुर

# Journey to Xizang: Through Rain, Runways, and Reflections

**Sharachchandra Bhandary**

Travel often begins long before the first flight takes off. Mine began with an invitation — one extended by Chinese Ambassador to Nepal Chen Song, a seasoned diplomat known for his active engagement, candid approach, and unwavering commitment to advancing China's national interests while deepening China–Nepal ties.

I had the opportunity to travel to Chengdu for the fifth time enroute to Xizang. Over the years, he has earned the reputation of a true friend of Nepal, fostering connections that transcend protocol and formal diplomacy. This invitation itself was part of broader diplomatic efforts that the Ambassador has consistently championed: strengthening people-to-people exchanges, and creating opportunities for Nepali media professionals to better understand China's rapid development. His approach is hands-on and proactive; one could say his diplomacy operates not only through official channels but also through real human engagement — a reason he remains one of the most visible and active ambassadors in Kathmandu's diplomatic circle.

Representatives from the Foreign Affairs Office of the Xizang Autonomous Region received us at the airport. Their warm reception hinted at a carefully planned journey ahead — one that would expose us not just to landscapes, but to the lives, livelihoods, and evolving realities of local communities. This trip promised to reveal those narratives more closely.

What lay ahead — visits to local communities, interactions with families uplifted through social welfare programs, and a firsthand look at development across Linzhi — held the promise of deeper understanding.

And so, with curiosity and anticipation, I prepared for the next morning, feeling that this journey through rain, runways, and reflections was only the beginning of a much larger story.

Our hosts from the Foreign Affairs Office had arranged a visit to a local farmer's home — a gesture that spoke less of protocol and more of authentic engagement. Such encounters often reveal what official data cannot: the everyday realities of people, their aspirations, and the transformations shaping their lives. The farmer's house stood modestly yet proudly on a gentle slope. Its sturdy walls and neatly kept surroundings hinted at stability, at a life that had gradually found its balance. As we walked in, the farmer and his family welcomed us warmly, their faces open and unreserved — a reminder that hospitality transcends geography.

As we continued our conversation, his reflections painted a broader picture of Linzhi. Poverty, once widespread, had been steadily pushed back. Local agriculture had improved with technical support. New industries — especially eco-tourism, husbandry, hospitality and forestry, and handicrafts — were creating alternative livelihoods. Modern housing, healthcare access, and education opportunities were becoming the norm rather than the exception.What struck me most was not the data or the scale of development, but the visible sense of dignity in his words — the belief that life had changed not suddenly, but steadily, one step at a time.





People spoke proudly about their improved quality of life. In Linzhi, happiness was not loud or celebratory. It was quiet, steady, and deeply rooted — the happiness of people whose lives had improved through consistent effort and shared purpose.

As I walked through the town, watching locals go about their day against the backdrop of towering mountains and whispering forests, I felt a sense of calm admiration. This journey, which began with rain-soaked runways and unexpected delays, had brought me into the living heart of Xizang — its landscapes, its people, and its evolving stories.

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# नेपालको इतिहासमा राज्यलक्ष्मी देवी



डा. शास्त्रदत्त पन्त

*इतिहासका राजनीतिक घटनाक्रम..*

भीमसेन थापा (११७५) षड्यन्त्रमा स्वामी राजा मारिएको कुरा सल्यानमा विवाह गरेर दिएकी पृथ्वीनारायण शाहकी छोरी विलास कुमारीले थाहा पाउँदछिन् । त्यसबाट वच्न चतुर भीमसेन थापाले सामान्य भत्ता दिने गरी सल्यानी राजालाई नेपालमा मिलाइ दिन्छन् । गढवाल राज्यको तैनाथी पाएका ऋतुवर्ण थापालाई भीमसेनथापाका बाजे वीरभद्रद्वारा काट्न लगाउँदछन् । त्यसपछि वालक राजा गीर्वाण विक्रम शाहबाट सबै अधिकार सहित लालमोहार बनाएर लिन्छन् । अब उनी एक मात्र सर्वेसर्वा हुन्छन् । मनपरी शासन चलाउँदछन् । सबै खाले उच्च पद आफ्ना भाई भतिजाबाट गर्दछन् । भिमसेन थापाको उग्र रूपको विरोध गर्ने सर्वजीत पाण्डेलाई काट्दछन् । गजराग मिश्रलाई देश निकाला गर्दछन् । विजयसिंह शाहलाई थुनामा राख्दछन् । वि.स. १८७२ को अग्रेजसंगको युद्धमा पराजय भोग्नु परेको कारण भीमसेन थापको मुर्खताले हो भन्ने देश भरि रोस वढेबाट उनको मर्यादा निकै तल गिर्दछ । वि.स. १८७५ मा पाल्पाका गौडा प्रशासन यस्तो कुरा गर्ने सहवीर थापा, नित्यानन्द उपाध्याय र वलभद्र वास्ताकोटी सहितलाई काटेर मारिन्छ । बलभद्रलाई चारपाटा मुडी सर्वश्व हरण गरिन्छ, नित्यानन्दलाई जरिवाना गरिन्छ ।

*सत्तामोह, मध्यरात, विषपर्व १८८८*

वि.स. १८८८ मा महारानी त्रिपुरासुन्दरीको निधन हुन्छ । त्यसबेला गिर्वाण युद्धका जेठा छोरा राजा राजेन्द्र विक्रम साबालक भइ सकेका हुन्छन् । उनका जेठी साम्राज्यलक्ष्मी र कान्छी राज्यलक्ष्मी नामका दुइटी रानी हुन्छन् । दुवै रानी पट्टि २/२ वटा छोरा पनि जन्मन्छन् । अब राजा रानीले भीमसेन थापाको राजकाज समाप्त पारेर आफ्नै शासन गर्न इच्छुक हुन्छन् । भीमसेन थापाले भने आफ्नो हाली मुहाली छोड्न चाहँदैनन् । उल्टै शक्ति, पद र प्रतिष्ठा बढाउन छुट्टै पल्टन खडा गर्दछन् । भतिजा माथवर सिंह थापाको मातहत सिंहनाथ पल्टनको स्थापना गर्दछन् । धेरै विर्ता जग्गा धन सम्पत्ति जोड्दछन् । आफूलाई पराजित गराउने कंपनी सरकारसँग हिमचीम बढाउँदछन् । आफू र भतिजा माथवर वेलायत भ्रमणमा जाने प्रयत्नमा लाग्दछन् । अग्रेजलाई नेपाल आवत जावत गर्न दिएर नेपालको भेद जान्ने अवसर दिन्छन् । वाणिज्य सन्धी गर्न हात वढाउँछन् । उनका यस्ता गतिविधीले राजा रानी र भारदार चिढिदै जान्छन् ।

वि. सं १८६० मा बाबु दामोदर पाण्डे काटिदा १४ वर्षका रणजङ्ग पाण्डे र करवीर पाण्डे भागेर विदेश पसी ज्यान जोगाएका हुन्छन् । उनीनै भीमसेन थापाका प्रखर विरोधी हुन्छन् । १८८८ मा त्रिपुरासुन्दरीको मृत्यु पछि पाण्डेहरूको दरवार प्रवेश वढ्दछ । जेठी रानी साम्राज्य लक्ष्मीले पाण्डे पुत्रलाई साथ दिन्छिन् । रणजङ्ग पाण्डेले भीमसेन थापालाई अग्रेजसँग हारेर देश गुमाएको र पछि उसै सँगमिलेर व्यापार सन्धी गर्न लागेको गध्दार हो भनेर प्रचार प्रसार गर्दछन् । अर्कातिर चीनसँग मिलेर उनले गुमाएको भूभाग फिर्ता ल्याउने प्रचार गर्दछन् ।

राजा राजेन्द्रल यसै विच वि. सं १८९४ अषाड सुदी ११ का दिन राजा राजेन्द्रले ३४१ वर्ष शासन गरे । कमाण्डर इन चिफ भीमसेन थापाको हातबाट सम्पूर्ण फौजी अधिकार आफ्नो हातमा लिन्छन् । सोही वर्ष आषाढ सुदी ११ का दिन राजेन्द्र विक्रमका जेठी रानी पट्टिका ६ महिनाको कान्छो छोरो देवेन्द्र विक्रमको निधन हुन्छ । त्यो निधन वैद्य द्वय एकदेव र एकसूर्यले औषधीमा विष मिसाएर खान दिएकोले भएको र त्यसो गर्ने भीमसेन थापाले लगाएको भन्ने सनसनी फैलिन्छ । यही अभियोगमा भीमसेन थापालाई वर्खास्त गरी कैद गरिन्छ । उनका पक्षघर जागीरदारलाई पनि वर्खास्त गरिन्छ । रणवीरसिंह र माथवरसिंह पनि पक्राउ पर्दछन् । एकदेव एकसूर्य माजुमान वैद्यहरू शिवानन्द भवानीसिंहरू पनि समातिन्छन् । पाण्डेहरूको वाहुल्य भएको मन्त्रिमण्डल वन्दछ । एकसूर्यले राजा र रानीको औषधी पोकोमा हरिताल विष र राजकुमारको औषधिमा एकदेवले अफिम धतुरो र हरताल हालेकोमा सावितीभएको पाउँछिन् । विष काण्डमा दण्ड सजाय हुन्छ । एकदेव र एकसूर्यलाई चारपाटा मुडी सर्वश्व अपहरण गरी गुहुको कुण्डमा डुवाएर देश निकालिन्छ । भाजुमान वैद्यलाई पानीको कुण्डमा डुवाई दुवै आँखा निकाली छालाकाडेर मारिन्छ । देवेन्द्रको मृत्यु बारे एकदेवलाई केरकार गर्दा अघि वुवाज्यु र माइतारी लाई पनि भीमसेन थापाको आरोपमा विष प्रयोग गरेको वयान दिन्छन् । राण शासन अन्त्यगर्न लागेका बलीअहद त्रैलोक्य विक्रम शाहलाई धीर शमसेरले विष प्रयोग गरेर मारिका हुन्छन् । उनका पिता पृथ्वी विक्रमलाई पनि चनुशम्सेर द्वारा भन्दा विष प्रयोग गराइएको भनिन्छ ।

शैलजा आचार्यलाई त्यसै गराइएको भनिन्छ । सत्तामोह यति चर्को हुदो रहेछ की सत्ता खेलाडीले प्रयोग प्रत्यक्ष मन पराउन् पछि हट्दैनन् ।

०००

*मध्यरात, नारी राज्य, सौताकाण्ड*

*धर्मराज्य, वैदिक शासनपद्धति छाडेपछि*

साम्राज्यलक्ष्मी र राज्यलक्ष्मी दुइ सौताहरू वीच आ-आफ्ना छोरालाई राजा बनाउने होड मचिन्छ । मच्चिन पनि किन नमच्चियोस राजा रणबहादुरले जो रोलक्रम तोड्ने परंपरा बसालेका छन् । उनले विधवा, ल्याइते पट्टिको अनि उमेरमा कान्छो गीर्वाणयुद्धलाई राजा बनाए ।

जेठी रानी पाण्डे पक्षमा खरो उत्रिन्छिन् । कान्छी भीमसेन थापा पक्षमा उभिन्छिन् । जेठीलाई मन्द विष खुवाउने थापा पक्षको चाल पनि अस्वभाविक, अमानबीय र अनैतिक नै देखिन्छ । आमाको दुध मात्र खाने सानु शिशुलाई कडा औसधी प्रयोग गर्न पऱ्यो भने आमालाई नै बिष खुवाउँनु वैद्यको अनैतिक प्रचलन हुन्छ । तदनुसार विष सेवन गराइएको हुन सक्दछ । जेठी रानीले नखाएकोले बाँचेकी र राजकुमारलाई खुवाइएकोले मरेको सार निकालिन्छ । कान्छी रानीले वैद्य द्वारा जेठी रानीलाई खुवाउने चाल चलेको भनिन्छ ।

बुढा गुरूज्यूको निगाहमा भीमसेन थापाले सफाइ पाउँदछन् । उनी बोर्लाङ्गको विर्ता वगैचामा गएर वस्दछन् । तर पनि अग्रेजसँग मिलेर फेरी सत्ता समात्ने दाउ भने छाडेका हुदैनन् । नेपालले आउँदो जाहेरीमा अंग्रेज प्रति आक्रमण गर्दैछ भन्ने गोप्य रहस्यको जानाकारी रेजिडेन्ट हड्सनलाई दिन्छन् । भाइ रणवीर सिंह थापा जोगी हुन्छन् । भतिजा माथवर सिंह अग्रेजको भत्ता मासिक १००० । खाएर मुग्लानमै वस्दछन् । भीमसेनका गतिविधि विदेशीसंगको साँठगाँठ वढे पछि जेठी महारानीको अनुमति लिएर उनलाई वोर्लङ्गकोट बाट ल्याएर वागदरवारमा थुन्छिन् । पुरानो विष मुद्दा विउँताउँछिन् । राजाबाट उम्कने आशा मारेका भीमसेन थापाले मारिनु भन्दा मर्नु ठीक ठानी आफैले खुकुरीबाट सेरिन्छन् । राम्ररी काट्न नसकेको कारण ९ दिन सम्म घ्यारघ्यार गरेर बाँच्दछन् । १८९६ श्रावण ८ गते आत्महत्या गरेका उनको मृत्यु १७ गते हुन्छ । मृत शरीरलाई घिसारेर विष्णुमती पारी सडाइन्छ । दाहासंस्कार गर्न दिइँदैन । उनको खप्पर रोकटेन्टले वेलायत पुऱ्याउँदछन् । भीमसेनकी जेठी र माहिली स्वास्नीलाई नाङ्गो खुट्टा हेलम्बु निर्वास गराइन्छ । कान्छी स्वास्नी र धर्म छोरा शेरजङ्गलाई कैद गरिन्छ ।

अंग्रेजको दरबारमा रन्केको हैकम विगठन नहुनु र आफ्नो छोरा उत्तरीधिकारी नहुनु जेठी रानीका लागि असभ्य कुरा हुन जान्छ । रणबहादुरले गिर्वाणयुद्धलाई राजा घोषित गर्न हुने आफ्नै विवाहित रानीका छोरा रणेन्द्र विक्रमलाई राजा बनाउन किन नहुने भनी कान्छी रानीको दबाव बढेको हुन्छ । एकसूर्यलाई कैद माफ हुन्छ । जेठी रानीले राजालाई घुर्क्याउन जोगीनी भएर काशी बस्नका लागि प्रस्थान गर्दछिन् । उनलाई रोक्न, राजा पछिपछि लाग्दछन् । कुराबुझेका बिदेशीले दुवैलाई सीमा प्रवेश दिइदैन । दुवै जना राजधानी फर्कन्छन् । सौता कलह चर्किन्छ । कान्छी रानीले रेजिडेन्ट हड्सनसँग मिलेर आफ्नो छोरा राजा वनाउने दाउपेचमा लाग्दछिन् । ४० वर्ष उमेर पुगेपछि छोरालाई राजपाठ दिएर आफू जोगी हुनुपर्ने पशुपति धर्मपत्रको प्रसङ्ग कोट्याइन्छ । आफ्नो दक्षता केही नभएका राजा राजेन्द्र दुइ ज्वाईको पोइ कुनावसी रोइ भएका हुन्छन् । जेठीरानी फेरी काशीवास वस्न हिड्छिन् । राजा फेरी लुरूलुरू पछि लाग्दछन् । हेटौडा पुगे पछि रानीलाई औलो ज्वरो आउँदछ । त्यही ज्वराले असोज २० गते १८९८ मा उनको देहावसन हुन्छ ।

अब कान्छी रानी स्वछन्द हुन्छिन् । खुसी पनि हुन्छिन् । यसै वीच इन्डियाका अखबारमा जेठी रानीको मृत्यु विष पानबाट भएको खवर छापिन्छ । तिनलाई कडा दण्डको माग गरेर राजाले कंपनी सरकारलाई चिठी लेख्दछन् । उनको देशमा पत्रकारलाई त्यस्तो दण्ड नहुने कानून भएको जवाफ आए पछि मुर्मुरिएर वस्दछन् ।

राज्यलक्ष्मी देवी (कान्छी रानी)

जेठी रानीको मृत्यु पछि कान्छी रानीले आफ्नो बाटो निकाल्नु राम्रो देख्दछिन् । आफ्ना छोराको भविष्य र आफ्ना आकांक्षा पुरा हुने आशामा शक्ति संचय गर्न थाल्दछिन् । दरवारमा सौतासौता विच रिसइवि, घोचपेच, चुक्ला चापलुसी भइ रहन्छ । कान्छी रानीका सुसारेहरू (समानी- भागरथी- कुशनशोभा- जोगमायाँ) र देवीलाल कुवर तथा गरूलाला अधिकारी मिली एउटो पुर्जी अर्जिपत्र लेखेर राजा काहाँ पुऱ्याउँदछन् । त्यसले राजा र जेठी रानीविच ठूलो वैमनस्य हुन्छ । फलतः जेठी रानी जोगीनी हुन रूचाउँछिन् । यसैबीच उनको मृत्यु हुन्छ । यस्तै काम गरेको ठहरगरी देवी बहादुर कुवरलाई माथवर सिंहलाई काटीदिन्छन् ।

राजा सुरेन्द्रमा जायज निर्णय दिन सक्ने खुवी हुँदैन । उनका छोरा सुरेन्द्रलाई अचेटेर ठिक बाटोमा ल्याउने ढङ्ग हुन्न । कान्छी रानीलाई काबुमा राख्ने क्षमता पनि हुँदैन । यही क्षमताको अभावले गर्दा उनले पौष १८९९ मा कान्छी रानीलाई विशेष अधिकारहरू दिन्छन् । सो अधिकार अनुसार उनी राजपरिवारबाहेक बाहेकका मानिसलाई दण्ड दिने, पदच्यूत गर्ने र देश निकाला गर्न सक्ने हुन्छिन् । उनलाई पजनी गर्ने अधिकार हुन्छ । चिन तिब्वत र ब्रिटीश सरकारसँग सम्वन्ध कायम गर्ने अधिकार हुन्छ । अधिकार दिए पछि आफू र नानी महाराज सुरेन्द्र उनकै आदेशमा चल्ने घोषणा गर्दछिन् । अधिकार पाए पछि कान्छी मख्ख पर्छिन् । आफ्नो अनुकुलको व्यक्तिले अधिकार पाए पछि रोजिडेन्ट हड्सन पनि मख्ख पर्दछन् ।

# पार्टी एकताको घोषणाले उब्जाएका प्रश्नहरू



सुरेशकुमार पाण्डे

कात्तिक २० गतेसम्म आठौटापार्टीको एकता घोषणा गर्ने पार्टीको नाम ***नेकपा समाजवादी*** राख्ने । र जुनाव चिन्ह पांचकुने तारो राख्ने निर्णय भएको थियो । पछि एक एक गरेर दुइवटा गुटहरू सामिल भएपछि नौं पार्टी बिच एकता भयो, प्रचण्ड संयोजक र माधवकुमार नेपाल सहसंयोजक बने । तर माओवादी र नेकपा स का शक्तिशाली नेताहरू यो सहमतिबाट उछिट्टिन पुगे । जसका कारण यो एकताको स्थायित्वमा प्रश्न उठ्न पुग्यो, सम्पूर्ण विश्वास हुनसकेन ।

यद्यपि, धन्यवाद जेन्जी बिद्रोहलाई जसले साडे सात दशक देखि टुक्रिंदै आएका कम्युनिष्टहरूलाई ऐना देखाउन सफल भएको छ । यो पनि एउटा ऐतिहासिक संदेश मान्नुपर्छ ।

पार्टीको राजनीताक सीध्दान्तबाट माओवाद हटाएर मार्क्सवाद -लेनिनवाद राख्ने । यो संदेश बाहिर मिडियामा आएको छ । राजनीतिक सिद्धान्तमा यति ठुलो परिवर्तन् भएको जस्तो देखेर कयौंलाई अपच पनि हुनसक्छ ।

हतास र निरास हुनुपर्दैन यो अहिलेको औपचारिक घोषणा मात्र हो । सैद्धान्तिक र व्यवहारिक रूपमा उनिहरूले माओवाद छाडिसकेको धेरै भयो । त्यो मात्र होइन माले सिद्धान्तबाट पनि उनीहरू धेरै अगाडी बढी सकेका छन् । यसरी उनिहरू बिचमा एकता हुनु भनेको अहिलेको अबस्थामा पार्टीको अस्तित्वको रक्षा गर्ने उद्देश्यले नै हो । जेहोस् अबको यो पार्टी एकता लेनिनको आलुको बोरी नबनोस् त्यही कामना गर्दछौं । तथापि वाम खेमाभित्रै आलुको बोरीको चर्चा छ ।

यो ऐतिहासिक कार्यमा जुटेकाहरू :- ***(१)माओवादी केन्द्र, (२) माधवकुमार नेपाल नेतृत्वको एकीकृत समाजवादी, (३) महिन्द्रराय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी, (४) विप्लव नेतृत्वको नेकपाबाट विद्रोह गरेका चिरन पुन (मिलन सी) समूह, (५) प्रेमबहादुर सिंह समूह, (६) राजु कार्की नेतृत्वको नेकपा समाजवादी (७) सुभाषराज काफ्ले नेतृत्वको जनसमाजवादी पार्टी नेपाल, ८ कर्णजीत बुढाथोकी लगायत अन्य दुइटा दललाई मिसाएर नेकपा नौवटा दलबीच एकताको घोषणा भएको छ ।***

एकता प्रक्रियामा रहेका दलका नेताहरूले एकता घोषणा गरी निर्वाचन आयोगमा नयां दल दर्ताको निवेदन दिने तयारी गरेका छन् । त्यसवारेमा सयुँक्त बयान पनि हस्ताक्षर सहित आएको छ ।

आयोगले फागुन २१ गते हुने निर्वाचनका लागि कात्तिक ३० गतेभित्र दल दर्ताको प्रमाणपत्र लिइसक्नु प्रने छ भनेको छ । त्यसैलाई मध्यनजर गरेर उनिहरूले यो एकताको प्रकृया पुरा गर्दैछन् ।साहिद नौवटा पार्टीहरूको बिचमा गृहकार्य पार्टी एकता पछि बिस्तारै हुने समभ्दारी बनेको हुनुपर्छ ।

त्यसरी गरिएको एकता कत्तिको बलियो हुन्छ भन्ने कुरा भबिश्यले पुष्टी गर्ने छ । केहि दिन पहिले नेकपा माओवादी केन्द्रको सचिवालयको बैठकले आधिकारिक रूपमा भनेको भएता पनि उनिहरूका शीर्ष नेता पार्टी एकताको विरोध गर्दै आएका जनार्दन शर्मा भने त्यो बैठकमा सहभागी थिएनन् भन्ने कुराको जानकारी आयो । प्रचण्ड भने जनार्दनलाई समयमै फर्किन अनुरोध गरेका छन् । जनार्दन र विप्लव कम्युनिष्ट केन्द्र बनाउनतिर लागेका छन् ।

यदि पार्टी एकता हुन्छ भने उनिहरूलाई बधाई छ । तर यो फेरी चुनावका लागि मात्र नहोस् । दीर्घकालिन रूपमा बलियो एकता हौस् ।

एकातिर एकताको प्रकृया चलेको छ भने आर्को तिर फूटको बतास पनि रोकिएको छैन । एमाओवादी केन्द्रमा फुट् हुने सङ्केत पनि उत्तिकै तृवरूपमा देखिएको छ । जनार्दन शर्मा पहिले देखिनै असन्तुष्ट छन् । समाजवादीमा फुट भैसकेको छ । पार्टीको नाम जेसुकै राखेपनि खासै फर्क पर्दैन जबसम्म व्यवहारमा सुधार हुदैन । समधुर सम्बन्ध कायम हुन सक्दैन । सबैभन्दा प्रमुख बिषय सिद्यान्त र कार्यन्वयन पक्ष अर्थात व्यवहार नै हो ।

राष्ट्रिय राजनैतिक पार्टी देश र जनताको हितमा हुनुपर्ने हो तर हाम्रो देशमा ब्यक्तिगत स्वार्थलाई केन्द्रमा राखेर पद प्रतिष्ठाको बाँडफाड गरिने हुँदा पार्टी एकता भन्दा बढी फुट हुँदै आएको छ । यहाँ हल्ला पार्टी एकताको तर प्रयास फुटको गर्ने गरिन्छ ।एकताको आवरणभित्रको यथार्थ फुटको खेल नै भएको हुन्छ । नेपालको कम्युनिष्ट इतिहास त झन् फुटैफूट र आरोप प्रतिआरोपले भरिएको पाइन्छ । विश्वको कम्युनिष्ट आन्दोलन भन्दा पनि हाम्रो देशको कम्युनिष्ट आन्दोलन बेग्लै र बिडम्वनायुक्त छ ।हुन त विश्वमै कम्युनिष्ट आन्दोलन् रक्षात्मक अबस्थामा छ तर पनि हाम्रो देशको कम्युनिष्ट आन्दोलनले जनताको साथ सहयोग पाएर पनि ७७ वर्षमा २३ % कम्युनिष्ट नैतिक्ता अप्नाउन सकेको देखिदैन ।

यति ठुलो जनताको साथ सहयोग पाएका एमाले र एमाओवादी केन्द्र आज यस्तो दयानिय अवस्थामा परिणत भएकाछन् एमाओवादीले त आफैले पद प्रदर्शनको सिध्दान्तको रूपमा मान्दै आएको माओवाद समेतलाई तिलाञ्जली दिने कगारमा आइपुगेको छ । हिंजोका दिनहरूमा माओवादलाई उनिहरूले पार्टीको सैद्धान्तिक हतियारको रूपमा मान्दै आएका थिए त्यो अहिले त्यो सिद्धान्त छाडेका छन् । हुन त त्यो घाणो झुन्डाएर मात्र पनि काम लाग्दैनथ्यो । बज्दै न बज्ने घाँडोलाई भिर्नु वा झिक्नुले खासै अर्थ लाग्दैनथ्यो पनि ।

केही आफूलाई कम्युनिष्ट भनेर दाबी गर्नेहरू धुँदा धुँदा ओरिज्नलबाट डुप्लिकेट भैसकेकाछन् । दुधमा पानी हालेर पानीको रङ पनि सेतो त भएको छ तर दुधको स्वाद भने छैन । नेपालको कम्युनिष्ट आन्दोलनको अवस्था त्यस्तै भएको छ ।

वि.स. २००६ बाट अहिलेसम्मका कम्युनिष्टका तमाम् हांगावाङ्गाहरूले आफूलाई कम्युनिष्ट क्रान्तिकारी भन्न छाडेका छैनन् । यस माइनेमा साहिद डा.बाबुराम भट्टराई अलि इमान्दार रहेछन् भन्न सकिन्छ । उनले भने लामो समयपछि आफु र आफ्नो पार्टीलाई कम्युनिष्ट नाउबाट चिनाउन छाडेका छन् र देशमा कम्युनिष्टको अब आवस्याकता नभएको पनि भन्दै आएका छन् । एमालेबाट हाम्फालेका दुर्गा प्रसाई त झनै रायमाझीलाई उछुनेर कटर राजावादी बनेकाछन् । कम्युनिष्ट बिग्रियो भने कुहेको अण्डा जस्तै हुन्छ भनेर भनेको कहावत केसरजङ रायमाझिबाट दुर्गा प्रसाई सम्मको यो जमातले पुरा गरेको छ । बिस्तारै क्रान्तिकारी कम्युनिष्ट पार्टी र अबसरवादी दक्षिणपन्थीहरू फिल्टर हुनेछन् । यदि त्यसो भयो भने छिट्टै क्रान्तिकारी कम्युनिष्ट पार्टी बलियो हुने छ । जसले राष्ट्रियता र जनताको लागि नयाँ अभियान सुरू गर्नेछ ।

अहिले कयौं गुटमा बिभाजित कयौं नेताहरू अँझैपनि आफू खुश्चेभको गोठालो बनिसक्दा पनि आर्कोलाई कालो भन्न छाडेका छैनन् ।

बाचुञ्जेलसम्म पदमा जुको झैं चप्किने र देश विदेशको भ्रमण गर्ने औषधी उपचार गराएर आफू तन्दुरूस्त हुने कार्यकर्तालाई लडाउने मराउने यही उनिहरूले गरेको विकास हो । देशको अवस्था जस्तो भएपनि जनताको अवस्था जतिसुकै बदहाल भएपनि उनिहरूको चिन्ता भनेको आर्थिक सङ्कलन र पद प्रतिष्ठाका लागि गरिने दाउँपेच यही परायजसो कम्युनिष्ट नेताहरूको प्रयास हुदै आएको छ ।आफू खुसहाल हुनुनै उनिहरूको मुख्य उद्देश्य हो ।

कयौं मैन पावरको दालाली र सहकारी संस्थाहरूमा उल्झिएका छन्, कयौं प्लाटीङ्ग नाइके छन । यस्तो अबस्थामा उनै बोक्शी उनै धामी भएका छन् । आफैले भ्रष्टाचार गर्ने र आफै भ्रष्टाचारको बिरूद्धमा नारा लगाउने दोग्लो नीतिका पारखीहरू हुन् ।

झण्डै आठ दशकको बृद्धा हुँदासम्म कम्युनिष्ट पार्टीले राष्ट्रियता र जनतन्त्रको हितमा गुणत्मक विकास गर्न सकेन । क्रान्ति सङ्घारसम्म आएर फिर्ता गयो तर उनिहरूको सद्बुद्धी आएन । नेताहरूमा कम्जोरी हुदैनथ्यो भने देशमा नौलोजनवादी सरकार हुने थियो ।

तर आज नयाँ जनवादी क्रान्त होइन बरू समाजवादी क्रान्तिका कुरा गर्दैछन् । गाउँलाई नगरपालिकाको दर्जा दिएर विकास भयो भन्नु र देशमा समाजवादका कुरा गर्नु एकै एकै हुन् । यसबारेमा कसैलाई चिन्ता छैन । देश अहिले पनि अर्ध सामन्ती युगमा छ, अर्ध उपनिवेसिक अबस्थाबा छटपटाइरहेको छ ।

यदि देश र जनताको हितको योजना हुन्थ्यो भने पार्टी यसरी बिभिन्न गुट उपगुटमा बिभाजन हुनेनै थिएन । मैत्रिपूर्ण छलफल हुन्थ्यो र देश र जनताको हितमा एउटा साझा मुद्दा अगाडी सारेको हुन्थ्यो । आपसमा वर्गिए मित्रता हुन्थ्यो तर अहिले त कम्युनिष्टले कम्युनिष्टलाई नै नग्याउने प्रयासमा छन् । जनताले कम्युनिष्ट सम्झेर दुई तिहाई मत दियो । ताकि उनिहरूले हामी अल्पमतमा भएर काम गर्न सकेनौं भन्ने मौका नहोस् । तर पनि उनिहरूको घैटोमा घाम कहिल्यैई लागेन ।

अहिले उनैले भन्छन् जेन्जीले ठिक गर्यो देशमा भ्रष्टाचार चरम अबस्थामा थियो । आफू सरकारमा तर भ्रष्टाचार गरेको आरोप आर्केको सिरमा जडेका छन् । जनतालाई उल्लु बनाएर आफ्नो स्वार्थ पुरा गर्ने प्रयास हो । जनतालाई भेंडा सम्झिने भुल नगरे हुन्छ ।

अबका जनता सचेत छन् आफ्नै विवेकले काम गर्नेछन् ।अँझैपनि राजनैतिक पार्टीहरू सचेत नहुने र आआफ्नो दृष्टिकोणमा सुधार नगर्ने हो भने देशभित्र फेरी यो भन्दा पनि भयानक आन्दोलन हुने छ । तसर्थ सबै राजनैतिक दलहरूलाई सचेत र संगठित गर्नु आज समयको माग हो । एकता स्वार्थका लागि होइन देश र जनताको लागि हुनुपर्छ,कम्युनिष्ट सिध्दान्तको रक्षाका लागि हुनुपर्छ । उनिहरूले गरेको एकताले अवश्यपनि सन्देश सकारत्मक दिने छ भन्ने कामना गर्नुपर्छ ।

सत्यतथ्य र ताजा समाचारका लागि

www.sandhyakalin.com पढौं र

लेख, रचना, समाचार र बिज्ञापन पठाएर

सहयोग गरौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ कार्तिक २५, Nov. 11, 2025





## अन्तिम पातो – शाश्वत शर्मा

# आश छैन, विश्वास छैन

दिल्ली पुगेका दुर्गा प्रसाई फर्कदा एयरपोर्टमा पौने घण्टा केरकार गरिएछ । नेपाल सरकारको ग्रिन सिग्नलपछिमा उनलाई नेपाल फर्कन अनुमति दिएको रहेछ । यदि यो खबर सत्य हो भने दिल्लीले प्रसाईको दाहिना होइन भन्ने बुझ्नुपर्छ । यदि म भारत परस्त होइन भन्ने देखाउनका लागि नाटक मञ्चन गरेको हो भने बिस्तारै प्रष्ट हुँदै जाला । स्मरणीय छ, मंसिर ७ गते देखि दुर्गा प्रसाईले यो व्यवस्था फाल्ने आन्दोलनको घोषणा गरेका छन् । यसकारण पनि दुर्गा प्रसाई चर्चाको शिखरमा छन् । नेपाली सेनाले समेत जेनजी आन्दोलनपछि दुर्गा प्रसाई, रास्वपालाई समेत स्टेक होल्डरको रूपमा महत्व दिएपछि दुर्गा प्रसाईको चर्चा बढेको हो । यद्यपि गत चैत १५ को आन्दोनलपछि दुर्गा प्रसाईको चर्चा चुलिएको थियो । उनको संगठन बिस्तार भएर देशैभरि भएपछि उनले गर्ने व्यवस्थाविरोध आन्दोलन यतिबेला अन्य पार्टीको भन्दा बढी चर्चित बनेको छ । दुर्गा प्रसाईले भारतबाटै मान्छे ल्याएर भए पनि आन्दोलन चर्काउने कुरा पार्टीहरूले गरेका छन् । यो बदनामी गरेको वा दुर्गा प्रसाईलाई बदनाम गराएको ?

प्रश्न छ, मंसिर ७ गते देखि दुर्गा प्रसाईले नेपाल ठप्प पार्लान् त ? उनले सबै नेपालीलाई चुकोचौकोका सामग्रीको बन्दोबस्त समयमै गर्न समेत सुझाएका छन् । पहिले कात्तिक १५ भन्थे, पछि मंसिर ७ को साइत जुराएका छन् । धेरैले मंसिर ७ पछि उनले अर्को समय बताउने छन् भन्नेहरू पनि बाक्लै भेटिन्छन् ।

जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की सरकारले वार्ता वार्ता भनिरहेको छ । शान्तिपुर्ण चुनाव हुन्छ भनिरहेको छ । एमाले चुनावै हुन्न भन्छ, अन्य दलहरू पनि आन्तरिक बिबादमा छन् । चुनाव आयोग पनि निर्णय लिन सकिरहेको छैन । चुनाव हुन्छ वा हुन्न ? स्पष्ट जवाफ छैन । जब पार्टीहरू नै कस्सिदैनन्, चुनाव कसरी होला र ? सुरक्षा निकायको हौसला बढेको छैन, यो पनि ठूलो समस्या हो । केही जेनजीहरू चुनावका पक्षमा देखिएका छन् र चुनावपछि बन्ने सरकारले जेनजीका सबै मागहरू पूरा गर्ने बताउन थालेका छन् । त्यसैले अहिले चर्चा गरिएको मंसिर ७ देखिको आन्दोलन भइहाल्छ भन्नेमा ढुक्क हुने स्थिति छैन । फेरि दुर्गाले भनेझैं आन्दोलन भइहालेमा पनि त्यो सफल हुन्छ कसरी ? कति जनताले साथ देलान् ? भदौ २३ र २४ को जनेजीको आन्दोलनमा गणतन्त्रवादीहरू हावी भइसकेका छन् । राजावादी जनेजीहरू ओझेलमा छन् । राजावादी र हिन्दुवादीले त्यतिबेला आवाज उठाउन सकेको भए स्थिति अर्कै हुनेथियो । पूर्वराजाले पनि सबै पार्टीको समर्थन खोज्नाले पनि गणतन्त्रवादीले खेल्न पाए । हम्मर हान्ने फलाम तातेकै बेलामा हो । पछि हम्मरले भनेजस्तो फलाम भनेजस्तो बनाउन सकिन्न । जेनजीको आक्रोशले संसद बिघटन गरायो । संविधान बिघटन हुनसकेन । अन्यौलग्रस्त जेनजीहरू, जो आन्दोलनमा हावी भए, तिनीहरू भ्रष्टतन्त्रको संविधान बिघटन गराउनतिर लागेनन् । आन्दोलनमा बिजयी भए, बिजयको ताजपोस गणतन्त्रवादीले नै लगाए, जेनजी पुस्ताको हातमा केही भएन । अहिले जेनजी पुस्तामाथि यही तन्त्रले दण्डित गर्न थालेको छ ।

एमाले सडक बिद्रोहको शंखखोस गरेको छ । दुर्गा प्रसाईले आन्दोलनको घोषणा गरेका छन् । माओवादी एकता गर्दैछ । अन्य कम्युनिष्टहरू केन्द्र बनाउन लागेका छन् । प्रजातन्त्रको बिडा उठाएको कांग्रेस हुरीको चरो बनेर अन्यौलग्रस्त छ । दुर्गा प्रसाईसँग आन्दोलन गर्ने साहस, सामल र समर्थन छ । कतै आफ्ना केही माग पूरा गराएर मुख्य माग संवैधानिक राजतन्त्र छाड्ने त होइनन् भन्नेहरू पनि समाजमा देखिएका छन् । चुनावपछिको सरकारले जे गर्छ गर्छ भनेर थुमथुम्याउने प्रयास जोडतोडले भएका छन् । यस्तै प्रयासमा जेनजी पनि जिल्लिएका छन् ।

प्रष्ट छ, यो संविधान रहेसम्म, यस्तै गणतन्त्रवादी सरकार रहेसम्म, बुढा पुराना नेताहरूले पुस्तान्तरण नगरेसम्म राजतन्त्र र हिन्दुराष्ट्रको माग पूरा हुनेवाला छैन । देशै कब्जा गरेको र २७ घण्टामा सत्ता पल्टाइदिएको, स्थापित दलका नेता-राज्य सञ्जालका अगुवाहरू भागेर लुक्न बाध्य पारेको आन्दोलनले संविधान फेर्न सकेन, दुर्गा प्रसाईको आन्दोलनले संविधान खारेज गराउन सक्ला ? दुर्गा प्रसाईसँग जेनजी पुस्ताले गरेको आन्दोलनजस्तै गर्ने ताकत होला र ? भदौ २४ पछि जे भयो, साह्रै गाह्रो तरिकाले भएका छन् । दुर्गा प्रसाई र उनले गर्ने आन्दोलन जेनजी आन्दोलन हुनसक्दैन । जनअसन्तोषलाई आक्रोशमा परिणत गरेर देशैभरि आन्दोलनको ज्वारभाटा उठाउन सके कुरो बेग्लै हो । राजनीतिक दलहरू टाउको उठाउन थालिसकेका छन् । देशमा अराजकता, अस्थिरता बढेको छ । यो अवस्थामा आन्दोलन त होला, कतै यही आन्दोलनको नाममा विदेशी हस्तक्षेप भयो भने रोक्ने कसले ? त्यसै पनि भूराजनीतिको गोलचक्करमा नेपाल परिसकेको छ । सम्हाल्ने कोही छैन, सुशीला कार्कीको सरकारलाई पार्टीहरूले समेत विश्वास गरिसकेका देखिदैनन् । विश्वासको संकट छ । जबसम्म विश्वासको संकट कायम रहन्छ, संवाद, सहमति र सहकार्य सम्भव छैन । सहकार्य नभएपछि चुनाव, स्थिरता परको कुरा हो ।

धेरैथरि जेनजीहरूले दुर्गा प्रसाईसँग सम्पर्क गर्न थालेको सवाल पनि महत्वपूर्ण छ । जेनजीहरू धेरै टुक्रामा बाँडिएको यथार्थले पनि भदौ २३ को जस्तो आन्दोलन नहुनसक्छ । दुर्गा प्रसाईले गर्ने आन्दोलनले परिवर्तन होइन, विद्यमान अस्थिरतालाई मात्र बढावा दियो भने के अर्थ रह्यो र ? आन्दोलन होला नहोला, एकदिन आन्दोलनमात्र हुनगयो भने, आन्दोलन सफल होला नहोला ? हो, यो जेनजी को आन्दोलनपछि बनेको सरकार हो । तर अराजकता बढ्यो भने यो सरकारले पनि हान्ने अश्रुग्यास र गोली नै हो । त्यसै पनि जेनजी पुस्ताका ७६ को ज्यान लिएको पद्धति हो । यो पद्धतिले अझै अरूको रगत पिउनसक्छ भन्ने नभुलौं । आन्दोलन नै गर्ने हो भने गोलीको जवाफ दिनसक्ने जनमतको, जनसमर्थनको लागि तैयारी गर्नु पर्ने देखिन्छ । नेपालभरि नै प्रदर्शन गर्न सकियो भने सुशीला कार्कीको सरकार ढल्नेछ । यो सरकार ढालेपछि हुने के ? सम्हाल्ने कसले ? त्यसपछि सहमतिको सरकार बन्न सक्छ कि सक्दैन ? प्रसाईलाई साथ दिन केही जेनजीहरू अगाडि सरको भनिन्छ । राजतन्त्रवादी, हिन्दुवादी किन मौन बसेका छन् ।

दुर्गा प्रसाईले उठाएका मागहरू न्यापूर्ण छन् । आमजनताका मागहरू हुन् ती । सफल आन्दोलनपछि कार्यान्वयन प्रति संशय छ । यसकारण राजतन्त्रवादी, हिन्दुवादी, भ्रष्ट गणतन्त्र फाल्नैपर्नेहरू धेरै आशावादी नहुँदा बेश ।

*२०७९ मंसिर ४ गतेको आम निर्वाचन र त्यसपछिको राजनीतिक यथार्थ*




२०७९ साल मंसिर ४ गते नेपालमा आम निर्वाचन सम्पन्न भयो । त्यस निर्वाचनबाट बनेको संसद् २०८२ साल भाद्रमा भङ्ग हुन पुग्यो । यो संसदीय अवधिभर नेपाली जनताको आवश्यकता र अपेक्षा पूरा गर्न संसद पूर्णत: असफल रह्यो भन्ने कुरा सर्वविदित तथ्य हो । तथापि, त्यो संसदीय निर्वाचनको प्रकृति र त्यसमा देखिएको राजनीतिक प्रवृत्ति आफैंमा गम्भीर विचारणीय विषय हो ।

नेपालका कुनै पनि 'मुख्य' भनिने राजनीतिक दलहरूलाई आफ्नै सिद्धान्त र मतदाताप्रतिको विश्वासमा कमी थियो । परिणामस्वरूप, उनीहरूले अस्वाभाविक र असोभनीय गठबन्धन गरेर निर्वाचनमा सहभागिता जनाए । अझ लाजमर्दो कुरा त के थियो भने– चितवनमा नेपाली कांग्रेस र माओवादीका झण्डा गाँसेर मत माग्दै हिंडेको दृश्य पनि देखियो । त्यति मात्र होइन, पूर्वतिरका एक जना काँग्रेस नेता उमेदवारले "माओवादी भनेको कांग्रेस हो र कांग्रेस भनेको माओवादी हो" भन्ने हदसम्मको वक्तव्य दिए ।

उता झापामा "हलो" र "सूर्य" एउटै ठाउँमा भेला भएर चुनाव लडेको उदाहरण पनि देखियो । यी घटनाले सचेत नागरिकलाई गम्भीर रूपमा सोच्न र नयाँ राजनीतिक विकल्पको खोजी गर्न प्रेरित गर्यो । यही सन्दर्भमा रवि लामिछानेको आकस्मिक उदयले परम्परागत दलहरूका लागि ठूलो चुनौती निम्त्यायो । वर्षौंसम्म राजनीतिबाट नाफा कमाएका पुराना नेताहरू राजनीतिक रूपमा हतप्रभ बने ।

त्यही बेला ज्ञानेन्द्र शाहीजस्ता उदार राष्ट्रवादी छविका युवाले संसदमा बाघझैं गर्जिए । उनको स्वर नेपाली जनताको मनमस्तिष्कमा गुञ्जायमान भयो । तर, "संविधानले नचिनेको कुरा गर्न पाइँदैन" भन्दै माओवादी सांसदहरू लगायत सिङ्गो संसदले एक्ला ज्ञानेन्द्र शाहीप्रति वक्र दृष्टि लगायो । वास्तवमा, उनी एक्लै संसदका लागि भारी सावित भइरहेका थिए । उनको प्रसिद्ध भनाइ थियो – "म आलु र गोबरको गठबन्धनलाई हराएर आएको कर्णालीको छोरो हुँ ।"

भाद्र २३/२४ ले यही कुरा प्रमाणित गर्‍यो – आलु र गोबरले बनेको महल एक झट्कामै भत्कियो ।

इतिहासका लामो संघर्षपश्चात् निर्माण भएको कांग्रेसमा पनि युवा पुस्ता नेतृत्वमा आएका थिए, तर ती नेताहरूले आफ्नो संसदीय दायित्व बिर्सिए । उनीहरू संसदलाई न्यायालय, छानबिन समिति वा सुरक्षा निकायझैं व्यवहार गर्न थाले । जबकि संसद भनेको नीति र कानुन निर्माण गर्ने निकायमात्र हो ।

कांग्रेसले माओवादीसँग चुनावी गठबन्धन गर्नु नै ठूलो गल्ती थियो । परिणामत: कुनै दललाई स्पष्ट बहुमत नआए पनि सरकार बनाउनु पर्ने बाध्यता थियो । त्यसै क्रममा एमाले, माओवादी, रवि लामिछाने समूह, राप्रपा तथा अन्य क्षेत्रीय दलहरू मिलेर सरकार बनेको हो ।

नेपाली कांग्रेसले उक्त सरकारलाई आफ्नो हारका रूपमा लिएर प्रचण्डलाई पुन: गठबन्धनमा फर्काउने र मन्त्री पद तथा राजनीतिक नियुक्तिमा भागबन्डा खोज्ने प्रयास गर्‍यो । देश कुन दिशातिर गइरहेको छ भन्ने कसैलाई पर्वाह रहेन । खानेहरूले खान पाईरहेका थिए, नेता आफ्ना स्वार्थमा रमाइरहेका थिए ।

त्यहीबीच कांग्रेसका युवा नेताहरू "अब २०८४ मा कुनै गठबन्धन हुँदैन" भन्दै ब्ल्याकमेलिङ शैलीका बयान दिइरहेका थिए । पार्टीको नेतृत्व त्यसबेला नै असफल भइसकेको थियो, किनभने पार्टीको नीति र सिद्धान्त विपरीत चुनावी गठबन्धन गरिएको थियो । त्यसै समय विशेष महाधिवेशन बोलाएर नेतृत्व परिवर्तन गर्न सकेको भए सायद देश यो अवस्थासम्म आइपुग्ने थिएन ।

अब नेपाली कांग्रेसको ४ वर्षे कार्यकाल समाप्त हुने नजिक छ । त्यसपछि सबै तह निष्क्रिय हुनेछन् र नयाँ अधिवेशनको वैधानिक प्रक्रिया सुरू हुनेछ । अधिवेशनमा सहभागी हुने सबै क्रियाशील सदस्यहरूको जिम्मेवारी हुनेछ– जहाँ समस्या छन्, त्यहाँ समाधान खोज्ने ।

तर अहिले "विशेष महाधिवेशन" को हल्ला मच्चाउनु भनेको पार्टीको रक्तसञ्चार रोक्ने प्रयास हो । पुराना नजिकका समूहका भरमा पार्टी कब्जा गर्ने रणनीति सामान्य राजनीतिक चेतना भएका नागरिकले सजिलै बुझ्न सक्छन् ।

अर्को तर्फ, श्भल-श आन्दोलन पश्चात् नेपाल खरानीमा परिणत भएको सबको सामु स्पष्ट छ । आजको प्रमुख दायित्व भनेको सबै नागरिक मिलेर त्यो खरानीलाई सम्हाल्दै देश पुनर्निर्माणमा जुट्नु हो । यो कुनै दलभित्रको विवादमा फस्ने समय होइन ।

देशलाई माया गर्ने प्रत्येक समूहले अहिले दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्र निर्माणमा लाग्न जरूरी छ । आश्चर्य लाग्ने कुरा के छ भने– नेपाली कांग्रेसभित्र आज सामान्य अधिवेशनको कार्यतालिका ल्याउने विषयमै यत्रो विवाद सृजना भएको छ । यस्तो अवस्थामा यस पार्टीबाट राष्ट्रको अभिभारा वहन गर्नसक्ने कतबतभक( ञबलकजष्ड कसरी जन्मिन सक्छ भन्ने प्रश्न जायज छ ।

देश अहिले एउटा असल राष्ट्रवादी नेतृत्वको खोजीमा छ– जसले सबै वर्ग र समुदायको विश्वास जितोस् । यो क्षण साँचो अर्थमा राष्ट्रिय जागरणको हो, विवादको होइन । जय नेपाल ।

**सम्पदाको संरक्षण गरौं**

- देशका ऐतिहासिक, पुरातात्विक तथा प्राकृतिक सम्पदा, मठमन्दिर, मूर्ति, हस्तकला, वास्तुकला, चित्रकला, दस्तावेज, भवन तथा स्मारक राष्ट्रिय सम्पत्ति हुन्,
- राष्ट्रिय सम्पत्तिहरू मुलुकको पहिचान हुन्, तिनीहरूप्रति गर्व गरौं,
- राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य र जिम्मेवारी हो ।

हाम्रो सम्पदा, हाम्रो पहिचान
सबै मिलेर गरौं संरक्षण ।

नेपाल सरकार
विज्ञापन बोर्ड

